
for a living planet®


# दिगो जीविकोपार्जन

## पशु बिमा योजनाः उच्च हिमाली क्षेत्रमा सामुदायिक व्यवस्थापनद्वारा जोखिम न्यूनीकरण प्रयास





'दुर्लभ हिउँ चितुवाको संख्या वृद्धि'





डब्ल्यू डब्ल्यू एफ नेपाल

सेप्टेम्वर, २००७

ISBN: 978-99946-837-5-8

डब्ल्यू डब्ल्यू एफ नेपालद्धारा प्रकाशित यस प्रकाशनको पुर्ण अथवा आंशिक अंश पुनः प्रकाशन गर्न परेमा तथा प्रकाशनमा निहित सर्वाधिकार अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

सन्दर्भसामाग्रीका लागी उद्धरण : डब्ल्यू डब्ल्यू एफ नेपाल २००७, "पशु बिमा योजनाः उच्च हिमाली क्षेत्रमा सामुदायिक व्यवस्थापनद्वारा जोखिम न्यूनीकरण प्रयास"

**परामर्श तथा सूझाव**

डा. घनश्याम गुरुङ
निर्देशक, संरक्षण कार्यक्रम,
डब्ल्यू डब्ल्यू एफ नेपाल

**अध्ययन, विश्लेषण तथा प्रस्तुतीः**

तारा प्रसाद ज्ञवाली
जीविकोपार्जन विशेषज्ञ,
डब्ल्यू डब्ल्यू एफ नेपाल
ईमेल : tara.gnyawali@wwfnepal.org

**आवरण तस्वीर**

मुस्ताङमा पाईएको दुर्लभ हिमचितुवा
स्रोतः राम गुरुङ्ग, एक्याप, मुस्ताङ, २००७
हिउँमा भासिएको चौरीलाई उद्धार गर्दै घुन्सा बासिहरु
स्रोतः कंचनजंङ्घा संरक्षण क्षेत्र आयोजना कार्यालय लेलेप, ताप्लेजुङ्ग

**अन्तीम पृष्ठ (back cover) तस्वीर**

घुन्सास्थित हिमचितुवा संरक्षण उपसमितीका पूर्वअध्यक्ष तथा कंचनजंङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषदका वर्तमान अध्यक्ष श्री छेतेन डुण्डु शेर्पासँग कुराकानि गर्दै तारा प्रसाद ज्ञवाली
स्रोतः कंचनजंङ्घा संरक्षण क्षेत्र आयोजना कार्यालय लेलेप, ताप्लेजुङ्ग



# भूमिका

डब्ल्यू डब्ल्यू एफ नेपालले ई.स. १९६७ देखि नेपालमा संरक्षण कार्य गर्दै आइरहेको छ। सुरुमा लोप हुन लागेका तथा खतराको सूचिमा परेका प्रजातिहरूको संरक्षण कार्यबाट थालनी गरेको भए तापनि सन् १९८० को दशकतिर यसले एकीकृत विकास तथा संरक्षणको कार्यपद्धति अपनाएर विकासका सेवाहरू प्रदान गरी स्थानीय बासिन्दाहरूको स्वतःस्फुर्त सहभागितामा अभिवृद्धि गर्दै आएको हो। त्यति बेला यस कार्यपद्धतिको मुख्य उद्देश्य भनेकै दिगो नहुने गरी गरिने प्राकृतिक स्रोतको उपयोगबाट पर्ने जैविक विविधता माथिका चुनौतीहरूलाई न्यून गर्नु थियो, यद्यपि यस प्रयासबाट केही सुधारहरू भए, तैपनि जीविकोपार्जन तथा गरीबीका समग्र जटिलताहरूलाई यो कार्यपद्धतिले सरल रुपमा व्याख्या गर्न भने सकेन।

सन् १९९० को दशकमा डब्ल्यू डब्ल्यू एफ नेपाल कार्यक्रमको संरक्षण कार्यपद्धति अप्रत्याशित रुपमा विशेष तोकिएको क्षेत्रबाट भूपरिधि क्षेत्र (Site Specific Level to Landscape Level) मा रूपान्तरण भयो। उदाहरणका लागि तराई भूपरिधि (Terai Arc Landscape) कार्यक्रम तथा पवित्र हिमालय भूपरिधि (Sacred Himalaya Landscape) कार्यक्रम रहेका छन्। पवित्र हिमालय भूपरिधि कार्यक्रम अन्तर्गत पर्ने कंचनजंङ्घा संरक्षण क्षेत्र आयोजना नेपालको सुदुर पूर्वी जिल्ला ताप्लेजुङ्गको उत्तरी चारवटा गा.वि.स.हरूमा सन् १९९८ मार्च २२ तारिखदेखि संचालनमा आईरहेको छ। पवित्र हिमालय भूपरिधि अन्तर्गत डब्ल्यू डब्ल्यू एफ नेपालद्वारा संचालित विभिन्न परियोजनाहरू मध्येको यो साँस्कृतिक, प्राकृतिक, पर्यटकीय, आर्थिक, जैविक विविधता तथा जलवायु परिवर्तन अध्ययनका हिसाबले अति महत्वपूर्ण क्षेत्र हो। समुदायद्वारा व्यवस्थापन गरिएको यस संरक्षण क्षेत्रमा दुर्लभ जीव हिमचितुवा तथा रातो पाण्डाको वसोवास क्षेत्र हो जसको संरक्षणका लागि परियोजनाले विभिन्न संरक्षण तथा जीविकोपार्जनका रणनीतिहरू मार्फत दिगो संरक्षणका प्रयासहरू गर्दै आइरहेको छ।

डब्ल्यू डब्ल्यू एफ नेपालले दिगो जीविकोपार्जन विधिको अवधारणलाई औपचारिक रुपमा सन् २००२ देखि अवलम्बन गरेको हो। हामी यस कुरामा विश्वस्त छौं कि यो विधिको प्रयोगले वर्तमान संरक्षणका प्रयासहरूबाट स्थानीय उपभोक्ताहरू, संरक्षण तथा विकासको लाभांश माथिको पहुँचबाट पाखा पारिएकाहरू र प्रकृतिजन्य, खास गरी हिमचितुवा लगायत जंगली जीवहरूबाट, स्थानीय उपभोक्ताहरूको जीविकोपार्जनमा पर्न जाने जोखिम तथा त्यसको असरको प्रभाव न्यून गर्न र उनीहरुको जीवनस्तरमा के कति सकारात्मक परिवर्तन ल्याउन, साझेदारहरूमा निहित स्रोत, साधन, सीप तथा उत्साहलाई परिचालन गर्न तथा ती स्थानीय उपभोक्ता समूहहरूको क्षमतामा के कति सुधार ल्याउन सकिएको छ भन्ने अध्ययन, विश्लेषण तथा प्रचारप्रसार गर्न तथा सशक्त निचोड समेत दिन मार्गदर्शन गरिरहनेछ।

प्रस्तुत पुस्तिका "***पशु बिमा योजनाः*** *उच्च हिमाली क्षेत्रमा सामुदायिक व्यवस्थापनद्वारा जोखिम न्यूनीकरण प्रयास*" कंचनजंङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद, कंचनजंङ्घा संरक्षण क्षेत्र आयोजना, हिमचितुवा संरक्षण उपसमिति तथा स्थानीय उपभोक्ता समितिहरू, व्यवस्थापन समितिहरू, आयोजनाका पूर्व तथा वर्तमान प्रवन्धकहरू, कंचनजंङ्घा क्षेत्र संरक्षण व्यवस्थापन परिषदका वर्तमान पदाधिकारीहरूसँगको गहन छलफल, अन्तर्क्रिया, परामर्श, सुझाव तथा सूचनाहरूका आधारमा डब्ल्यू डब्ल्यू एफ नेपालले तैयार गरेकोहो। वास्तवमा यो डब्ल्यू डब्ल्यू एफ नेपाल, कंचनजंङ्घा क्षेत्र संरक्षण परिषद तथा त्यस अन्तर्गतको हिम चितुवा संरक्षण समिति र स्थानीय उपभोक्ता समितिहरूको सामुहिक प्रतिबद्धता र सहकार्यको सफल उपहार हो। स्थानीय उपभोक्ता समितिका पदाधिकारीहरू, सहव्यवस्थापन अन्तर्क्रिया गोष्ठीका सहभागीहरूद्वारा दिइएका परिणाममूखी पृष्ठपोषण, टिप्पणी, सुझाव तथा मार्गदर्शनहरूले यो अध्ययन, संकलन तथा विश्लेषण कार्य पूरा गरी प्रस्तुत प्रतिवेदन तयार गर्नमा योगदान पुऱ्याएको कुरा यहाँ उल्लेख गर्न चाहन्छु। यस समग्र अध्ययनकार्यको व्यवस्थापन र संयोजनमा संलग्न रही महत्वपूर्ण योगदान दिनु हुने कंचनजंङ्घा संरक्षण क्षेत्र आयोजना, राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण विभागका स्थानीय प्रतिनिधि कर्मचारीहरू, डब्ल्यू डब्ल्यू एफ नेपाल तर्फबाट संलग्न विशेषज्ञ कर्मचारी लगायत सबैलाई म धन्यवाद दिन चाहन्छु।

म यस कुरामा विश्वस्त छु कि यस अध्ययनक्रममा तयार पारिएको प्रस्तुत प्रतिवेदनमा उल्लिखित उपलव्धी तथा सिफारिशहरूले एकातिर कंचनजंङ्घा क्षेत्र संरक्षणका लागि एउटा सशक्त आधारभूत संदर्भ तथा वाटाहरु उपलब्ध गराउनेछ भने अर्कोतिर यसले पवित्र हिमालय भूपरिधी अन्तर्गतकै अन्य संभावित क्षेत्रहरू, मकालु, वरुण, सगरमाथा, लाङटाङ र उत्तरी पहाडी भूपरिधीय क्षेत्रमा यसको विस्तार गर्न आवश्यक संदर्भ, अनुभव तथा खुराक समेत प्रदान गर्नेछ। आगामी दिनहरूमा पहाडी भूपरिधि स्तरीय समान प्रकृतिको जोखीमहरू सम्बन्धी योजना तर्जुमा गर्ने कार्यमा पनि महत्वपूर्ण सन्दर्भ दस्तावेज सावित हुनेछ। अन्ततः यो दस्तावेज पुस्तिकाको उपयोगबाट हिम चितुवा लगायत अन्य दुर्लभ जीवजन्तुहरूको आक्रमणबाट पीडित उच्च हिमाली क्षेत्रका उपभोक्ताहरूको व्यवहारमा परिवर्तन भई, विशेष गरी प्रतिशोधपूर्ण तरिकाले गरिने हिमचितुवा मार्ने कार्यमा उल्लेखनीय कमी आउने छ र त्यस दुर्लभ प्रजातिको संरक्षणमा योगदान पुग्नेछ भन्ने आशा लिएको छु।

धन्यवाद

..............................

अनिल मानन्धर
राष्ट्रिय प्रतिनिधि
डब्ल्यू डब्ल्यू एफ नेपाल

# आभारोक्ति



यस पवित्र हिमालय भूपरिधी कायक्रम अन्तर्गत कंचनजंङ्गा संरक्षण क्षेत्रमा डब्ल्यू डब्ल्यू एफ नेपालले आफ्नो आर्थिक, प्राविधिक सहयोगमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागसँग सहकार्यद्वारा स्थानीय वासिन्दाहरू मार्फत संरक्षण गर्न थालेको करिव एक दशक पुगिसकेको छ। यस आयोजनाको थालनी गर्दा वास्तवमा पशु बिमा योजनाको आवश्यकताका संवन्धमा कुनै अवधारणा आईसकेको थिएन। यद्यपि, स्थानीय उपभोक्ताहरू आफ्ना चौरीहरू वन्य जीवजन्तुको, खास गरी हिमचितुवाको, आक्रमणबाट मारिने भएकोले सदैव चिन्तित रहन्थे तथा आर्थिक जोखिममा परी रहन्थे र परियोजनामा गुनासाहरू लिएर आउने गर्थे। पशुपालनकार्य हिमाली क्षेत्रको जीविकोपार्जनका माध्यमहरु मध्येको एक भएकोले र त्यसमा पनि चौरीको उपयोगिता मूल्यवान भएकोले त्यसै पशुको क्षति रोक्ने उपाय खोज्नु हामीहरूका लागि चुनौती बनेको थियो। कंचनजंङ्गा संरक्षण क्षेत्रको तात्कालिन आयोजना प्रवन्धकको हैसियतले मैले उक्त क्षेत्रको स्थानीय समस्यालाई मनमा लिई विभिन्न स्रोत तथा उपायहरूमाथि विचार विमर्श, मष्तिष्क मन्थन, स्थानीय उपभोक्ताहरूको हिमचितुवा प्रतिको धारणा आदिको गहन अध्ययन विश्लेषण गर्न थालें र परिणामतः यो अवधारणा तयार गर्न सफल भएँ। प्रारम्भमा यो पशुबिमा योजना जुरीक विश्वविद्यालयको आर्थिक सहयोगमा लेलेप गा.वि.सको घुन्सा स्थित हिमचितुवा संरक्षण समिति मार्फत थालनी गरिएको भए पनि अहिले त्यहाँ तीनवटा हिमचितुवा संरक्षण समिति कार्यरत छन् जसमा ओलाङचुङ्गगोला र याम्फुदिनका उच्च भागमा यो कार्यक्रमको विस्तार गरी सकिएको छ भने घुन्सा क्षेत्रका उपभोक्ताहरूले प्रथम चरणको प्रिमीयम रकम वोनस सहित फिर्ता पनि पाईसकेका छन्। यस कार्यक्रमबाट उनीहरू संतुष्ट रहेको स्थलगत अध्ययनको प्रस्तुत नतिजाले देखाएको छ। यो नेपालमै नितान्त नौलो किसिमको, जोखिम न्यूनीकरण तथा स्थानीय समुदाय र वन्यजन्तु बीचको परस्पर द्वन्द्व न्यून गर्ने सहयोगी बिमा योजना सावित भएको छ। पशु बिमाद्वारा हिमचितुवाको संरक्षण गरिनु सायद यो क्षेत्रकै पहिलो तथा नौलो योजना हो।

उक्त सफलता तथा यस योजनाको सकारात्मक प्रभावलाई विश्लेषण गर्दा र यसको आवश्यकता देशका अन्य उच्च हिमाली भाग जहाँ हिमचितुवाको आक्रमणवाट स्थानीय उपभोक्ताहरू पीडित छन र परिणामतः प्रतिशोधपूर्ण मार्ने कार्य गर्न वाध्य हुन्छन त्यस्ता स्थानहरूलाई प्राथमिकता दिई, स्थानीय साझेदारी तथा न्यायपूर्ण लाभांशको बाँडफाँडका आधारमा यो कार्यक्रमलाई विस्तार गरिदै लगिने लक्ष्य तथा योजना यस संस्थाले लिएको छ। यसका लागि चुनौतीका रुपमा रहेको आवश्यक स्रोतको व्यवस्थापन, स्थानीय व्यवस्थापन क्षमता तथा संचालकहरूको क्षमता अभिवृद्धि, हिमचितुवा प्रतिको व्यवहार तथा नकारात्मक धारणामा परिवर्तन तथा स्थानीय अवसर, दुर्लभ जीवजन्तुहरूको संरक्षण प्रति उनीहरुलाई उत्तरदायी वनाउने जस्ता गतिविधि आदि आगामी दिनका चुनौती, प्राथमिकता तथा अवसर हामी तथा साझेदारहरूलाई पर्ने नै छ। तसर्थ यी कुराहरूको पुर्व व्यवस्थापन तथा तयारी गर्नु, साझेदारहरू माझ अझ परिष्कृत रुपमा यस कार्यक्रमलाई लैजानु, र यसबाट दुर्लभ प्राणी हिमचितुवाको संरक्षणमा पुगेको योगदानलाई अन्य राष्ट्रिय, अन्तर्राष्ट्रिय साझेदारहरू माझ प्रवाह गर्नु हाम्रा लागी आगामी दिनका प्राथमिक कार्यहरू हुनेछन्।

यसै संदर्भमा उक्त चुनौतीका प्राथमिकता तथा अवसरहरूलाई संबोधन गर्न प्रस्तुत दस्तावेजले केही हदसम्म भए पनि सहयोगी संदर्भ सामाग्रीका रुपमा मार्गदर्शन गर्ने नै छ भन्ने आशा लिएको छु। यसका लागि म मेरो व्यक्तिगत तर्फबाट र डब्ल्यू डब्ल्यू एफ नेपालको तर्फबाट यस पशु बिमायोजना कार्यलाई एउटा नमुना कार्यक्रमको रुपमा सफल कार्यन्वयन तथा संचालन गरिरहनु भएकोमा घुन्सा हिमचितुवा संरक्षण समितिका अध्यक्ष हिमाली चुडदा शेर्पा र यस परिषदका वर्तमान कार्यवाहक अध्यक्ष श्री छेतेन डुण्डु शेर्पाज्युलाई विशेष आभार प्रकट गर्दछु। त्यसैगरी यस कार्यक्रमको व्यवस्थापनमा, संचालनमा संलग्न समग्र कंचनजंङ्गा संरक्षण क्षेत्र परिषदका पदाधिकारी, आयोजनाका पूर्व तथा वर्तमान प्रवन्धक तथा अन्य पदाधिकारी, हिमचितुवा संरक्षण समितिका पदाधिकारी, यो योजना लाई व्यवस्थापन गर्ने उपसमितिका पदाधिकारी, यस योजनामा संलग्न सवै प्रिमीयम वचतकर्ताहरू तथा त्यस क्षेत्रमा रही हिमचितुवाको संरक्षणमा प्रत्यक्ष, अप्रत्यक्ष योगदान दिने परामर्श दाता, अनुसंधानकर्ता सबैलाई धन्यवाद दिन चाहान्छु। यस पशु बिमा योजना संचालन गर्न आर्थिक सहयोग प्रदान गर्ने स्विश विकास सहयोग नियोगलाई (NCCR-NS) पनि विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी डब्ल्यू डब्ल्यू एफ यू के, डब्ल्यू डब्ल्यू एफ यू एस, मर्काथर फाउण्डेशन, कादुरी फाउण्डेशन, डार्विन इनिसियटिभ, जिविस ताप्लेजुङ्ग, त्यहाँ स्थित पत्रकार समाज आदि सवैलाई उहाँहरूको सरोकार तथा सहयोग प्रति हृदयदेखि नै आभार प्रकट गर्न चाहन्छु। प्रत्यक्षरुपमा स्थलगत अध्ययन, अवलोकन तथा विभिन्न तहमा छलफल, परामर्श, संकलन तथा विश्लेषण मूल्याङ्कन गरी प्रस्तुत पुस्तिका तयार गर्नु भएकोमा जीविकोपार्जन विशेषज्ञ श्री तारा प्रसाद ज्ञवालीलाई पनि आभार व्यक्त गर्दछु।

प्रस्तुत अध्ययन प्रतिवेदनले स्थानीय पशुपालक उपभोक्ताहरूको यस कार्यक्रम प्रतिको धारणा बुझ्न, समितिहरूको संस्थागत तथा व्यवस्थापकीय क्षमता तथा त्यसमा आएको परिवर्तन, नीतिगत सवालहरू, सामाजिक समावेशीकरणका सवालहरू, व्यवस्थापकीय उपलब्धि तथा चुनौतीहरू बुझ्न, हिमचितुवा संरक्षण सम्बन्धी सवाल बुझ्न र संचालन तथा विस्तार गर्नका लागि आवश्यक सूचनाहरू दिनेछ भन्ने कुरामा म विश्वस्त छु। खास गरी आगामी दिनमा अन्य उच्च हिमाली क्षेत्रमा यसै विषयमा गरिने कुनै पनि जीविकोपार्जन जोखिमसँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमाका लागि आवश्यक आधारभूत सूचनाहरू उपलब्ध गराउनेछ भन्ने विश्वास लिएको छु। यसैगरी, यस विषय तथा क्षेत्रमा कार्यरत विभिन्न सरकारी, गैरसरकारी तथा समुदायमा आधारित संस्थाहरूका लागि अवश्य पनि यो प्रतिवेदन लाभदायी तथा मार्गदर्शक बन्नेछ। अन्तमा यस पुस्तिकालाई अझ स्तरीय, उपयोगी तथा पठनीय बनाउनका लागि पाठकहरूका आवश्यक सुझाव, सिर्जनात्मक र समीक्षात्मक टिप्पणीहरू पठाई सहयोग गर्न अनुरोध गर्दछु।

धन्यवाद

..............................................

घनश्याम गुरुङ्ग, पी. एच. डी.
संरक्षण कार्यक्रम निर्देशक
डब्ल्यू डब्ल्यू एफ् नेपाल

# संरक्षण र दिगो जीविकोपार्जन


**डब्ल्यू डब्ल्यू एफ नेपाल र दिगो जीविकोपार्जन** : यस कार्यालयले विभिन्न तहका साझेदारहरू तथा नागरिक समाजसंग सहकार्य गरी संरक्षण कार्यको माध्यमद्वारा स्थानीय मानिसहरूको जीविकोपार्जनमा दिगो सुधारका साथसाथै प्रकृति तथा मानवजन्य जोखिमहरूको असर वहन गर्न सक्ने क्षमता वृद्धि गरी संरक्षण कार्यमा उनीहरूको सक्रिय तथा अर्थपूर्ण सहभागितामा अभिवृद्धि गर्ने लक्ष्य राख्दछ। यसका लागि यसले दिगो जीविकोपार्जनका विधिहरूलाई आफ्ना संरक्षण कार्य व्यवस्थापनको विभिन्न पक्ष, जस्तै योजनाको पहिचान, तर्जुमा, कार्यन्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यमा उपयोग गर्दै आईरहेको छ। यसै संदर्भमा यस डब्ल्यू डब्ल्यू एफको नेपाल स्थित कार्यालयले जीविकोपार्जनका विभिन्न विधिहरूलाई संरक्षणकार्यमा मूलप्रवाहीकरण गर्न एउटा रणनीतिक दस्तावेज पनि तयार गरिसकेको छ। जसमा डब्ल्यू डब्ल्यू एफ नेपालले संरक्षण कार्यका मूलभूत लक्ष्यहरूलाई मार्गदर्शनका रुपमा लिई दिगो जीविकोपार्जन संबन्धी निम्न उपलब्धिहरू प्राप्त गर्ने लक्ष्य राख्दछ।

- उन्नत तथा उत्पादनमूलक पशूपंक्षीपालनबाट घरेलु खाद्यान्न सुरक्षा
- प्राकृतिक श्रोतको उपयोगद्वारा आयआर्जनमा वृद्धि
- जोखिम वहन गर्न सक्ने क्षमतामा वृद्धि
- स्थानीय रोजगारका अवसरमा वृद्धि
- सामाजिक तथा मानवीय श्रोतमा वृद्धि
- स्वस्थता तथा सरसफाईको स्तरमा सुधार
- जीविकोपार्जनका जोखिमहरूमा कमी
- सामाजिक समावेशीकरणको निश्चितता
- असल शासन पद्दतिको निश्चितता
- शिक्षा, संचार श्रोत माथि समान पहुंचमा वृद्धि

## संरक्षण तथा दिगो जीविकोपार्जन बीच अन्तर्सम्बन्धको महत्वः

डब्ल्यू डब्ल्यू एफ नेपालले जैविक विविधता संरक्षण क्षेत्रमा उल्लेखनीय अनुभव हासिल गरेको छ। विभिन्न तहका सरकारी तथा गैरसरकारी साझेदारहरूको सहकार्यको अनुभवबाट डब्ल्यू डब्ल्यू एफ नेपालले जैविक विविधता संरक्षण कार्यको व्यावहारिक तथ्यको महसुस गरेको छ, *जबसम्म स्थानीय समुदायको जीविकोपार्जनका सवालहरू, प्राथमिकताहरू तथा उनीहरूको जोखिम वहन गर्ने क्षमताजस्ता कुराहरूलाई कार्यक्रमको एउटा पाटोका रुपमा संरक्षणकार्यमा समावेश गरिँदैन, तबसम्म जैविक विविधता संरक्षण कार्य दिगो तथा फलदायी हुँदैन भन्ने तथ्यलाई गहन महसुस गरेको छ* (जीवीकोपार्जनका उपलब्धीहरुमा आएको परिवर्तन अध्ययन प्रतिवेदन:२००७ वाट उद्धृत) महसुस गरिएको यही अनुभव एवम् सिकिएको पाठ तथा विगतका स्थलगत अनुभवहरूबाट डब्ल्यू डब्ल्यू एफको नेपाल कार्यक्रमले संरक्षण कार्यक्रमका विभिन्न पाइलाहरूमा दिगो जीविकोपार्जन अवधारणालाई मूलप्रवाहीकरण गरिरहेको छ। यसै संदर्भमा डब्ल्यू डब्ल्यू एफ नेपालको आफ्नो कार्यानुभव पनि यस्तो रहेको छ "*जबसम्म स्थानीय वासिन्दाहरू, उपभोक्ताहरूका जीवीकोपार्जनका न्यूनतम आवश्यकताहरू पूरा हुदैनन साथै उनीहरूले आफ्ना सन्ततिहरूको भविष्य, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनितिक तथा वातावरणीय रुपमा सुरक्षित रहेको महसुस गर्दै संरक्षण कार्यमा जुट्दैनन्, तबसम्म दिगो संरक्षणको उपलव्धि हासिल गर्न सकिदैन*"। यही हाम्रो व्यवहारिक सिकाई रहेको छ।

ग्राफ चित्र नं. १ जीविकोपार्जन तथा संरक्षणकार्य बीचको अन्तरसम्बन्ध झल्काउने अवधारणागत रेखाचित्र




*स्रोत: दिगो जीविकोपार्जन मूलप्रवाहीकरण रणनीति, डब्ल्यू डब्ल्यू एफ नेपाल, २००५*

माथि उल्लेखित दुवै विभिन्न प्रकृतिको सिकाईले पनि हाम्रा संरक्षणका प्रयासहरू, अभ्यासहरू तथा दिगो विकासका अवयवहरूले दिगो संरक्षण कार्यमा कसरी टेवा पुर्‍याईरहेका छन् भन्ने कुरा छर्लङ्गिन्छ। यसले हामीलाई दुईवटा अनिवार्य बाटाहरू स्पष्टतः देखाईदिएको छ। जसमा प्रथम, जबसम्म हामीहरूले गर्ने योजना, कार्यक्रम, प्रस्तावना, रणनीतिक योजना तथा अवधारणा पत्रहरूमा मानिसहरूको जीविकोपार्जनका सवालहरूलाई प्रत्यक्ष रुपमा र उनीहरूका जोखिम वहन गर्ने क्षमताहरू वृद्धिगर्ने कुरालाई रणनीतिक साधनका रुपमा समावेश गरिदैन तबसम्म

संरक्षण कार्य दिगो तथा फलदायी हुदैन । त्यसैगरी, स्थानीय उपभोक्ताहरूले आफ्नो सन्ततिहरूको भविष्य राजनीतिक, सामाजिक, वातावरणीय, आर्थिक तथा सास्कृतिक रुपमा जबसम्म सुरक्षित भएको पाउँदैनन् तबसम्म दिगो संरक्षणका उपलब्धिहरू हासिल गर्न सकिदैन र निरंतरता दिन पनि सकिदैन । दिगो विकास सम्बन्धी गतिविधिहरूले जनसाधारणको जीविकोपार्जन माथि प्रत्यक्ष प्रभाव पार्ने अपेक्षा गरिएको छ । त्यसैगरी प्राकृतिक श्रोतहरूको दिगो संरक्षणकार्यले पनि स्थानीय बासिन्दाहरूको जीविकोपार्जनमा दीर्घकालीन सकारात्मक असर पार्ने अपेक्षा गरिएको छ, जसमा खास गरी गैरकाष्ठ वन पैदावार, चरण व्यवस्थापन तथा व्यवस्थित पशुपालन लगायत अन्य प्राकृतिक श्रोतजन्य उत्पादनहरूलाई मुख्य आधारशिलाका रुपमा लिइएको छ ।

त्यस्तै, जीविकोपार्जन सुधारका कार्यक्रमहरूलाई आयआर्जन गतिविधिको घेरामा मात्र सीमित नगरी संरक्षण कार्यमा संलग्न समुदायका मानिसहरूको अन्य पक्षहरूमा आवश्यक ध्यान पुऱ्याउनुपर्ने कार्यलाई अनुगमन तथा मूल्याङ्कन कार्यका विभिन्न चरणहरूमा समावेश गर्न सिफारिस गरिएको छ । ती जीविकोपार्जनका विविध पक्षहरू भने प्राकृतिक श्रोत व्यवस्थापन तथा संरक्षण कार्यसँग सम्बन्धित हुनु सान्दर्भिक छ, जसमा जीविकोपार्जनको गुणात्मक पक्षहरूको अनुगमन भने मूर्तरुपमा नदेखिने कुराहरूलाई समावेश गर्नै पर्ने भनिएको छ । कार्यक्रमबाट कसले कति प्रतिफल प्राप्त गऱ्यो, कसले गुमायो भन्ने लेखाजोखा गर्नका लागि अनुगमन कार्यलाई समाजको गतिशीलता, संरचनागत पक्षहरूबाट (जस्तै : जातजाति, जनजाति, दलित तथा पाखा पारिएका, महिला तथा द्वन्द्वबाट विस्थापित, अति सीमान्तीकृत वर्ग, लैङ्गिक असमानता तथा स्थानीय तवरबाट पहिचान गरिएका विपन्न वर्ग आदि) अनुगमन गर्न सिफारिस गरिएको छ ।

माथि उल्लिखित गतिविधिहरूको कार्यान्वयनबाट परियोजना क्षेत्रका बासिन्दाहरूको सम्पन्नतामा अभिवृद्धि हुने अपेक्षा राखिएको छ, जसले गर्दा संरक्षण कार्यमा उनीहरूको स्वस्फूर्त तथा स्वेच्छिक सहभागिता (self-motivated and voluntary participation) एवम् क्षमता र श्रोतको दिगो व्यवस्थापनकार्य अभिवृद्धि आदि परिणामहरूले प्रजाति, स्वच्छ जलसम्पदा, वन आदिको दिगो संरक्षण, जलवायु परिवर्तनको असर वहन गर्ने क्षमतामा वृद्धि, सिमसार क्षेत्रको वुद्धिमत्तापूर्ण प्रयोग हुन गई अन्ततः संरक्षण तथा सम्बर्द्धन कार्यमा समुदायको सक्रिय सहभागिता बढ्छ । जसको परिणाम स्वरुप डब्ल्यू डब्ल्यू एफ नेपालले लिएको संरक्षणको मुख्य लक्ष्य पूरा हुने आशा गर्न सकिन्छ ।



*चौरीः उच्चहिमाली बासिन्दाको आयको माध्यम*

*श्रोतः  कंचनजंङ्गा संरक्षण क्षेत्र आयोजना कार्यालय, लेलेप, ताप्लेजुङ*

## १. परिचय :

कंचनजंङ्घा संरक्षण क्षेत्र जैविक विविधताको दृष्टिकोणले अति नै महत्वपूर्ण रहेको छ । यस क्षेत्रको माथिल्लो भू-भागमा दुर्लभ वन्यजन्तु हिमचितुवा, कस्तुरी मृग, स्थानीय चितुवा, हिमाली कालो भालु, ब्वाँसो लगायत विभिन्न जनावरहरू पाइन्छन् । उच्च हिमाली खर्कहरू समेत भएको यस क्षेत्रका वासिन्दाहरू परम्परागत तवरले पशुपालन समेत गरी आएका छन् र यो व्यवसाय यस क्षेत्रका वासिन्दाको जीविकोपार्जनको प्रमुख श्रोत समेत रही आएको छ । यसरी यस संरक्षण क्षेत्रको उच्च हिमाली भेगमा वन्यजन्तु तथा पशुपालकहरू बीच द्वन्द्व भैरहेको र कतिपय स्थानहरूमा आफ्नो पशु खाईदिएको प्रतिशोधमा पशुपालकले वन्यजन्तुहरू मारेको समेत सुनिन आएको हो । यसर्थ यस क्षेत्रको महत्वपूर्ण जैविक विविधतासंग नजिकको सम्बन्ध रहेका यहाँका स्थानीय समुदायलाई आफ्नो परम्परागत पेशालाई निरन्तरता दिन सकुन तथा वन्यजन्तु प्रति प्रतिशोधको भावना नरहोस्, स्थानीय समुदाय तथा वन्यजन्तु बीचको संभाव्य द्वन्द्व न्यून होस्, साथै उनिहरूलाई संरक्षण कार्यमा जागरुक गराउन र उनीहरूको जीविकोपार्जनलाई टेवा पुऱ्याउन सहयोगी सावित होस् भन्ने ध्येयले यो नितान्त नौलो पद्धति पशु बिमा योजनाद्वारा हिमचितुवाको संरक्षण गतिविधिको थालनी गरिएको हो ।

## २. संकलन, अध्ययन तथा विश्लेषण गर्नुको उद्देश्य :

कञ्चनजङ्घा संरक्षण क्षेत्रका, खासगरी लेलेपको घुन्सा, याम्फुदिन र ओलाङचुङ्ग गोलाको उच्च हिमाली क्षेत्र जस्तै घुन्सा, याङ्गमा, फल्ले, ग्याव्ला, गोला, खाम्वाचेन आदि स्थानका पशुपालकहरूलाई पर्न जाने हिमचितुवाको आक्रमणबाट हुने पशुधन नोक्सानीको असर न्यून गरी दुर्लभ जनावर हिमचितुवा प्रतिको स्थानीय बासिन्दाद्वारा गरिने प्रतिशोधात्मक मार्ने कार्यलाई रोकी त्यसको संरक्षण प्रति उत्तरदायित्व वहन गराउनु नै यो पशु बिमा योजनाको आशय हो । हिमाली क्षेत्रको दिगो संरक्षण तथा व्यवस्थापनमा समर्पित स्थानीय समुदायका वासिन्दाहरू, हिमचितुवा संरक्षण समितिहरू तथा अन्य स्वयं प्रेरित संरक्षणकर्ताहरूको यस कार्य प्रतिको समर्पण दिनु यस कार्यक्रमको अभिप्राय रहेको छ । तसर्थ यस कार्यकमको कार्यन्वयनको तीन वर्ष पुगीसकेको अवस्थामा, यसको प्रभावकारिता के कस्तो

**वक्स नं. १: पशु बिमा कार्यक्रमका उद्देश्य तथा अपेक्षित उपलब्धीहरू:**

स्थानीय वासिन्दाहरूलाई वन्यजन्तुको हानीनोक्सानीबाट हुने आर्थिक हानीलाई न्यूनीकरण गर्ने र वन्यजन्तुको संरक्षणमा सहभागी हुनको लागि चेतना जगाई जागरुक बनाउनु हो ।

**प्रमुख विशिष्ठ उद्देश्यहरू:**

१. जैवीक विविधताको संरक्षण, खासगरि दुर्लभ हिमचितुवा सम्बन्धी, चेतना जगाउने र यसको संरक्षण गर्दा प्राप्त गरिने अन्य जीविकोपार्जनका उपलव्धीहरूको अन्तर्सम्बन्ध वोध गराई संरक्षण प्रतिको स्वामित्व स्थापित गर्ने
२. स्थानीय बासिन्दाले आपसी सहमतिमा समान लाभ बाँडफाड गरिने प्रकृतिको पशु बिमा कोषको व्यवस्थापन तथा संचालन गर्ने
३. हिमचितुवाको प्रतिशोध स्वरुप गरिने हत्याको संख्यालाई घटाउने र स्थानीय समुदायमा आधारित चोरी शिकारी नियन्त्रण रणनीतिद्वारा चोरी शिकारी नियन्त्रण गर्ने

**आशातित उपलब्धीहरू:**

स्थानीय बासिन्दाले एक आपसको समभ्रदारी विकास गरी लागु गर्ने र व्यवस्थापन गर्ने पशु विमा कार्यक्रमको कार्यान्वियनबाट आशा गरिएका मुख्य उपलव्धीहरू यस प्रकारका छन्

- परियोजना क्षेत्रका हिंउचितुवाको कारणबाट क्षति व्यहोरिरहेका लक्षित पशुपालक कृषकलाई वज्यजन्तुबाट आफ्ना पशुहरुको क्षतिबाट हुने आर्थिक हानीको न्यूनीकरण हुने ।
- हिमचितुवा तथा अन्य वन्यजन्तु अनुगमनमा जनसहभागिता वढ्ने, तथा शिकार रोक्ने सामुदायिक प्रयासहरू हुने, प्रतिशोधस्वरुप गरिने हिमचितुवाको हत्यामा कमि आउने ।
- हिम चितुवा संरक्षण उप-समितिको संस्थाकरण र क्षमता अभिवृद्धि गरी जैविक विविधताको मूल्य र यसको जीविकोपार्जनसँग रहेको सम्बन्धबारे जनचेतना जगाउने कुरा सुनिश्चित हुने ।

*स्रोत : कंचनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद सचिवालय, लेलेप, ताप्लेजुङ्ग*

रहेको छ, यसवाट लाभान्वित घरधुरीहरूको कार्यक्रम प्रतिको अवधारणा के कस्तो छ, हिमचितुवाको आक्रमणवाट मारिने पशुहरूको आर्थिक क्षतिपुर्ति कसरी भईरहेको छ र यस कार्यक्रमबाट र यहाँका स्थानीय वासिन्दाहरूवाट सिकिएका कुराहरूलाई अन्य क्षेत्रमा के कसरी विस्तार गर्न सकिन्छ भन्ने उपायहरूको पहिचान गर्नु पनि यस संकलन विश्लेषणकार्यको लक्ष्य रहेको छ ।

## ३. अपनाईएका प्रक्रियाहरू:

उक्त प्रतिवेदन तयार गर्नका लागि आवश्यक तथ्याङ्क संकलन, विश्लेषण, मूल्याङ्कन गर्नका लागि स्थानीय हिम चितुवा संरक्षण समिति, स्थानीय उपभोक्ता समिति, आमा समूह, संरक्षण क्षेत्र व्यवस्थापन परिषद तथा समितिका पदाधिकारिहरू, संवन्धित क्षेत्रका उपभोक्ताहरू, तथा संबन्धित गा.वि.स.का मानिसहरूसगं छलफल गरी विषयवस्तुको प्रारुप तयार गरियो । गहन तथा मुख्य संवन्धित व्यक्तिसँग गरिने अन्तर्वार्ता तथा सूचना संकलनका लागि एउटा खाका तयार गरियो । जसमा उनीहरूबाट छलफलका दौरान प्राप्त तथ्याङ्कहरूलाई क्रमवद्धरुपमा समावेश गरी राखिएको थियो । उक्त अध्ययन विश्लेषण कार्य २००७, अप्रिल महिनामा गरिएको थियो । उक्त छलफल कार्यक्रमको सहजीकरण घुन्सा हिमचितुवा संरक्षण समितिका अध्यक्ष तथा कार्यवाहक परिषद अध्यक्ष श्री छेतेन डुण्डु शेर्पाले गर्नुभएको थियो । यस अध्ययन, संकलन, विश्लेषण मूल्याङ्कन कार्यमा अपनाईएका विधिहरू निम्न प्रकार छनः

- लक्षित समूह छलफल
- फोटोग्राफिक अनुगमन
- गहन तथा मुख्य व्यक्ति अन्तर्वार्ता
- संरक्षण समन्वय समितिसँग छलफल
- सूचनाहरूको पुनःवैधता मापन तथा प्रतिवेदन लेखन
- यस कार्यक्रमसँग संबन्धित दस्तावेज प्रतिवेदन, निर्णय तथा माईन्युट, प्रगति विवरणहरूको पुनरावलोकन विश्लेषण

## ४. अध्ययन तथा मूल्याङ्कनको विषय वस्तु, क्षेत्र तथा सीमा :

कञ्चनजङ्घा क्षेत्र संरक्षण कार्यक्रमले समेटेका विभिन्न ४ गा.वि.स. मध्ये ३ वटा गाविसका हिमचितुवा संरक्षण समिति, जसको व्यवस्थापन तथा सहभागितामा यो पशुबिमा कार्यक्रम कार्यन्वयन भईरहेको छ, जसलाइ त्यस अध्ययनको आधारक्षेत्र मानि यो अध्ययन मूल्याङ्कन गरिएको थियो । उक्त तीनवटा हिमचितुवा संरक्षण समितिले मात्र आफ्नै व्यवस्थापन तथा सहभागितामा यो योजना कार्यन्वयन गरिरहेको छ । उक्त ३ वटै हिमचितुवा संरक्षण समितिका पदाधिकारी, परिषदका पदाधिकारी तथा परियोजनाका पदाधिकारीहरूलाई एकै स्थानमा भेला गराई छलफल गरी उक्त नतिजा निकालिएको हो । जसमा ३ जना हिमचितुवा संरक्षण समितिका अध्यक्षसँग वेग्लावेग्लै गहन रुपमा अर्न्तवार्ता, सूचना संकलन तथा छलफल गरिएको थियो । तसर्थ यस अध्ययन मूल्याङ्कनले ती अन्तर्वार्ता लिएका उक्त क्षेत्र अर्न्तगतका उपभोक्ताहरू, समितिहरूको सरोकारमा केन्द्रित भई सूचना संकलन, विश्लेषण तथा मूल्याङ्कन गरी यो निष्कर्ष निकालिएको छ भने अन्य आवश्यक सहयोगी संस्थागत निर्णय, योजना तथा प्रगति, नियमावलीहरू संबन्धित सूचनाहरूको संकलन व्यवस्थापन परिषद, संरक्षण क्षेत्र परियोजना तथा संरक्षण समितिहरूको दस्तावेजहरूलाई आधारभूत तथ्यहरूका रुपमा लिईएको छ ।

# ५. संकलन, विश्लेषण तथा प्रस्तुतिकरण :

## ५.१. अवधारणाको विकास :

विभिन्न अध्ययनहरूका नतिजा, विश्लेषण, वन्य जीवजन्तुहरूको नियमित रुपमा गरिने अनुगमन प्रतिवेदन, वन्य जीवजन्तुद्वारा बारम्बार मारिने स्थानीय बहुमूल्य पशुहरूको तथ्याङ्क र पहिलेका यस्तै तथ्यसँग मिल्ने पुराना प्रतिवेदन तथा दस्तावेजहरूले के संकेत गर्दछन् भने कंचनजंगा संरक्षण क्षेत्रमा वन्य जीवजन्तुको संख्यात्मक वृद्धि भएको छ जुन कंचनजंगा संरक्षण क्षेत्र परियोजना तथा यहाँका स्थानीय बासिन्दाहरूको संरक्षण प्रतिको प्रतिवद्धता तथा निरंतर अथक प्रयासको परिणाम मान्न सकिन्छ। अन्ततः यसरी वन्यजन्तुमा भएको संख्यात्मक वृद्धिले वाली तथा पशु क्षतिलाई वढावा दिएको छ भने खास गरी हिमचितुवाबाट हुने पशुक्षतिको क्रम वढेको छ। कंचनजंगा क्षेत्रका उच्च हिमाली भागमा वसोवास गर्नेहरूको प्रमुख जीविकोपार्जनको भरपर्दो माध्यम भनेको पशुपालन, छुर्पी, पशुबाट ढुवानी, त्यसको मासु तथा छालाको उपयोग र व्यापार मुख्य हुन्। तसर्थ पनि पशुपालन उनीहरूको मुख्य आयश्रोतको माध्यम हुनका साथै जीवननिर्वाहको अभिन्न अंग वन्न पुगेको छ। यसैले उनीहरूले पालेका कुनै पनि पशुको क्षति हुनु भनेको आर्थिक रुपमा उनीहरू जोखिममा पर्नु हो, जसले उनीहरुको जीवन मात्र नभई समुदायमा समेत नराम्रो असर गर्दछ। परिणाम स्वरुप यस्ता क्षतिहरू वहन गर्न सक्तैनन र वन्य जीवजन्तु प्रतिको प्रतिशोधपूर्ण कियाकलाप गर्ने  द्वेष मनमा रहिरहन्छ अनि खास गरी उनीहरू हिम चितुवा लगायत अन्य वन्य जनावरहरूलाई विषादि, पासो ईत्यादिबाट प्रतिशोधपूर्ण हत्या गर्ने गर्दछन्। जसवाट संरक्षणको दृष्टिले दुर्लभ मानिएको र अति संकटमा परेको प्राणी हिमचितुवा पनि जोखिममा पर्न जान्छ। फलस्वरुप वन्य जन्तु र तिनको वासस्थान विनास गर्ने स्थानीय पशुपालकहरू वीचको शत्रुता वढिरहन्छ। यसै तथ्यलाई मनन गरी, उनीहरूको क्षतिपुर्ति मागको दिगोरुपमा समाधान तथा व्यवस्थापन गर्न, र क्षति वहन गर्न सक्ने क्षमतामा (Coping Capacity) अभिवृद्धि गर्नका लागि, यसको नोक्सानीमा द्विपक्षीय सहभागीता हुन आवश्यक यस नवीन अवधारणा "**समुदायद्वारा व्यवस्थापन गरिएको पशुबिमा योजना**" को परिकल्पना गरिएको हो। उक्त योजनाको थालनीबाट स्थानीय पशुपालकहरूको पशुको क्षतिपुर्ति गरिने मात्र नभई उनीहरूबाट गरिने हिमचितुवाको प्रतिशोधपूर्ण मार्ने कार्यमा पनि उल्लेखनीय कमी आउने अपेक्षा गरिएको हो। यसरी यस योजनाबाट स्थानीय समुदायको जीविकोपार्जनमा सुधार हुने, पशुधनको क्षतिवाट हुने नोक्सानी वहन गर्न सकिने र हिमचितुवा प्रति स्थानीय वासिन्दाको सोचाइमा सकारात्मक परिवर्तन भई प्रतिशोधपूर्ण मार्ने कार्यमा कमी आई उक्त जीवको दिगो संरक्षणमा टेवा पुग्ने देखिएको छ।

वास्तवमा कंचनजंङ्घा संरक्षण क्षेत्र आयोजना तथा डब्ल्यू डब्ल्यू एफ नेपालका लागि स्थानीय समुदायको सहभागितामा हिमचितुवाको संरक्षण गर्नु गराउनु एउटा मुख्य चुनौती वनेको थियो किनभने जुन जनावरले आफ्ना बहुमूल्य चौंरी, याक, वाच्छा तथा अन्य घरेलु जनावर खाएर नोक्सान गरिरहेको थियो त्यसको संरक्षण गरौं भनेर स्थानीय सर्वसाधारणलाई प्रोत्साहन गर्न सक्ने कुनै भरपर्दो उपाए देखिएको थिएन। यद्यपि दुर्लभ तथा लोपोन्मुख जन्तु हिम चितुवा यस क्षेत्रमा पाईने र कंचनजंङ्घा क्षेत्रकै पहिचानको अभिन्न अंग भएकोले यसको संरक्षणका लागि स्थानीय वासिन्दाको सोचाइमा सकारात्मक धारणा ल्याउन औपचारिक, अनौपचारिक विभिन्न छलफल, टिप्पणी तथा वहस भइ रहन्थ्यो। जव केही वर्ष अघि, हिमचितुवाबाट चौंरी अत्याधिक मासिन थाल्यो, यस क्षेत्रमा आउने पर्यटक तथा शोधकर्ताहरूले यसको जोखिम व्यवस्थापनको विकल्पका रुपमा केही सोचिएन भने हिमचितुवाको प्रतिशोधपूर्ण मार्ने कार्यको संभावना धेरै वढ्नेछ भन्ने संकेत गरेका थिए। त्यसपछि यसको विकल्पका उपायहरूको खोजी शुरु भयो। यस समस्यालाई लिएर स्थानीय संरक्षण समितिका पदाधिकारीहरू


कंचनजंङ्गा संरक्षण क्षेत्र आयोजनामा संपर्क गर्न गए। त्यस आयोजनाका तत्कालीन प्रवन्धक श्री घनश्याम गुरुङ्गज्यूले आयोजनाको तहबाट यसको गहन अध्ययन विश्लेषण तथा व्यवस्थापन विकल्पको खोजी गर्ने आश्वासन दिनु भयो। त्यसको दुईवर्ष पछि मात्रै यस अवधारणालाई वढि छलफलमा ल्याईयो। तर त्यस वखत जनयुद्धको चरम अवस्थाको समय भएकोले यसको सफल कार्यान्वियन हुन सक्ने कुरामा चिन्ता हुदाहुदै पनि हिम चितुवा संरक्षण समितिहरूको गठन गरियो र यसले यसको विकल्पहरू पहिचान गर्ने पहल गर्न थाल्यो। यस संरक्षण समितिसँग कुराकानी तथा छलफल पश्चात हिमचितुवाको प्रतिशोधपूर्ण मार्ने क्रम रोक्नका लागि स्थानीय पीडितहरूलाई जोखिम कम गर्ने उपाएका रुपमा पशुबिमा योजनाको अवधारणालाई अगाडि सारियो। यसलाई कंचनजंङ्गा संरक्षण क्षेत्र व्यवस्थापन परिषदसँग सहकार्य गरी यो कार्यक्रम कार्यन्वयनमा ल्याईयो। यसका लागि, डब्ल्यू डब्ल्यू एफ नेपाल पर्वतीय कार्यक्रम हेर्ने तत्कालिन निर्देशकज्यूले खाता खोली योजना संचालनका लागी अक्षयकोषका रुपमा एकमुष्ठ १२ लाख रुपैयाँ (NCCR-NS/Zurich University को सहयोगमा) आर्थिक सहयोग प्रदान गर्नु भयो। यसरी यस कार्यक्रमको प्रारम्भ गरियो।

कार्यक्रमको प्रारम्भिक चरणमा सर्वसाधारणले यस कार्यक्रम प्रति त्यति उत्सुकता देखाएनन् र कतै उनीहरूले तिर्ने प्रिमीयम रकम डुब्ने पो हो कि भनेर उनीहरू चिन्तित पनि भए। तर पछि उपलब्ध यस रकमबाट कोष वृद्धि गर्ने चौरी गोठालाहरूलाई व्याजमा केहि रकम दिने, उनीहरू मध्येकालाई नै सीप तथा आधारभूत तालिम आदि दिएर जब सहभागी गराईयो र उनीहरूको रकम केहि निश्चित समयपछि फिर्ता पाइने छ भन्ने विश्वास गराईयो तब उनीहरू (उपभोक्ताहरू) स्वतःस्फुर्त रुपमा यस पशु बिमा योजनामा सहभागी भए।

## ५.२. संचालन प्रक्रियाहरू :

यस योजनाको थालनी, तथा दिगो व्यवस्थापनका लागि यस आयोजनाले निम्न तीनवटा कुराहरूलाई मूलमन्त्रका रुपमा लिएको छ जुन स्थानीय मानिसहरूसँगको परामर्श, उनीहरूमा निहित जाँगर, सीप र उत्साह तथा उनीहरूको आफ्नै स्वमित्वमा संचालन गरिने गरी यसलाई निरुपण गरीएको छ जसमा **सामुदायिक सहभागिता, सामुदायिक स्वामित्व तथा सामुदायिक व्यवस्थापन**लाई यस कार्यक्रमको आधारभूत पक्षको रुपमा लिईएको छ। यी तत्वलाई महत्व दिईनुका पछाडि, यस कार्यक्रमको सामाजिक स्वीकृतिका लागि विभिन्न चरणका छलफलहरू गरियो, जसमा चौरी गोठालाहरू, पशुपालकहरू संलग्न थिए, उनीहरूकै सुझाव तथा परामर्शमा यस योजनालाई अन्तिम स्वरुप दिईएको थियो। त्यसैगरी, यस योजनाको दिगोपनका लागि उनीहरूकै स्वामित्वमा, प्रिमीयम संकलन, अक्षयकोषको स्थापना, व्यवस्थापन अनि, त्यसबाट आर्जित व्याजको पुनर्लगानी, आय वृद्धि, क्षतिपुर्ति दाबी तथा किस्ता हस्तान्तरण, वैक खाता संचालन आदि सम्पूर्ण आवश्यक गतिविधिहरूमा उनीहरूलाई संलग्न गराईएको थियो। उनीहरूको विभिन्न चरणमा क्षमता वृद्धि पनि गरिएको थियो। यस योजनालाई पहिलो चरणमा तीनवर्षका लागि भनेर प्रारम्भ गरिएको हो। पहिलो चरणको अन्तमा सवैको संकलित प्रिमीयम तोकिएको व्याज सहित फिर्ता गरिने, यसै वीचमा दाबी गरिएका पशुक्षतिको रकम खर्चिए वाहेक बाँकी रहेको रकमलाई पशुक्षति दाबी नगरेका पशुबिमितहरूलाई प्रिमीयम वोनसका रुपमा उनीहरूलाई नै वितरण गरिने व्यवस्था गरियो। यसमा प्रति पशु रु ५५ का दरले प्रिमीयम संकलन गर्ने र पशुक्षति भएमा प्रति पशुको स्थानीय मूल्यका आधारमा रु २५०० बिमा स्वरुप दिने निर्णय पनि गरियो जुन स्थानीय पशुपालकहरूका लागि प्रिमीयम पनि महङ्गो नपर्ने र प्राप्त गरिने क्षतिपुर्ति रकम पनि उपयुक्त भएको ठहर गरियो किनभने हिमचितुवाबाट धेरै जसो बाच्छाबाच्छीलाई नै मार्ने हुंदा उनीहरूको पनि यसमा सहमति रह्यो।

ग्राफ चित्र: नं. २: पशु बिमा योजना कार्यन्वयनको संरचनात्मक ढाँचा




*पशुविमा योजनाको संरचनात्मक ढाँचा*
*स्रोत : डा. घनश्याम गुरुङ्ग (प्रारम्भिक अवधारणा पत्र बाट उद्धृत)*

## ५.३. क्षतिपुर्ति दिने तथा त्यसको निक्यौंल गर्ने प्रकिया

स्थानीय हिमचितुवा संरक्षण समितिका पदाधिकारी, तथा परिषदका पदाधिकारी र उपभोक्ताहरूको छलफलमा निम्न तथ्यहरू जानकारीमा आए । जव हिमचितुवाले कुनै चौरी, वाच्छा मार्छ आर्थात खान्छ अनि उक्त वस्तुको मालिकले नजिकको गोठालालाई खवर गर्छ र गोठाला नआईन्जेल कुर्छ वा सिनोलाई माटोले पुरेर आफै उपसमितिमा उजुर गर्न आंउछ । जव गोठाला आईपुग्छ अनि घटनाको मुचुल्का सहित हिमचितुवा संरक्षण समितिमा निवेदन दिन्छ । उपसमितिले उक्त घटनाको छानबिन गरी दाबी सकार गर्न एकजना मान्छे तोकी सरजमीन गर्न खटाउँछ । त्यसरी खटिएर जाने मान्छेलाई प्रति व्यक्ति प्रति दिन २५० नेपाली रुपैयाँका दरले पारिश्रमिक दिने व्यवस्था गरिएको छ किनभने उक्त जनावरको खोजी स्थान धेरै जसो केसमा अति विकट, हिंउ भएको, भीर पहरा र वास वस्ने कुनै साधन पनि नहुने हुन्छ । यस्ता कामका लागि स्थानीय चौरी गोठाला तथा उपभोक्ता मध्येका यस संवन्धमा वढि सीप तथा जानकारी राख्ने व्यक्तिलाई प्राथमिकता दिईन्छ । सामान्यतया यस कुराको छिनाफानो गर्न सरदर तीन दिन लाग्ने गरेको तथ्य छलफलका कममा जानकारी पाईयो । उक्त छानबिन समितिमा तोकिएको मान्छेले हिमचितुवा संरक्षण समिति समक्ष आफ्नो प्रतिवेदन दसि प्रमाण तथा व्यवहारिक अनुभवका आधारमा पेश गर्दछ त्यसका आधारमा संम्वन्धित व्यक्तिले क्षतिपूर्ति पांउदछ । तर यदि उक्त दाबी गर्ने व्यक्तिले जालसाजी स्वरुप वा जानाजान उक्त कुरा गर्न लगाएको वा ढाँटेको ठहरिएमा निजको हालसम्मको प्रिमीयम समितिले रोक्का गर्न र यस योजनाबाट उसलाई निकाल्न सक्छ । हिमचितुवा संरक्षण समितिले छानबिन गर्ने मानिसको र उक्त बिमा दाबीकर्ताको गतिविधिलाई निरंतर निगरानी गरिरहने भएकोले छानबिन गर्ने मानिसले छलकपट गर्न सक्ने संभावना कम हुन्छ । त्यसैगरी विशेष समितिले डाकिएको बैठकमा उक्त छानबिन समितिले प्रतिवेदन वुझाउँछ र त्यस उपर छलफल विश्लेषण गरिन्छ । उक्त समितिको सिफारिस साँचो र यथोचित ठहरिएमा क्षतिपूर्ति दिन सिफारिश गर्छ । उक्त प्रतिवेदन माथिको दाबी विरोधका लागि परीक्षण अवधि १५ देखि ३० दिनको हुने गर्दछ र त्यस पश्चात अध्यक्षको जिम्मेवारीमा सिफारिसका आधारमा नियम वमोजिम क्षतिपूर्ति रकम भुक्तानी दिईन्छ । छानबिन समितिमा निश्चित जिम्मेवारी पुरा गर्न तोकिएको व्यक्ति हुने गर्दछ भने विशेष समितिमा ३ जनालाई गोप्य रुपमा खटाइएको हुन्छ जसले छानबिन समितिको कियाकलापलाई विशेष निगरानी दिई हेरिरहेको हुन्छ ।



*हिमचितुवाले खाएर बाँकि रहेको पशुको अवशेष*
*श्रोत : कंचनजंङ्गा संरक्षण क्षेत्र आयोजना कार्यालय लेलेप, ताप्लेजुङ*

### ५.४. पहिचान तथा छानबिन गर्ने प्रकिया :

- प्रायः जसो भिरालोमा लखेटेर मार्ने गर्ने हुनाले हिमचितुवाले खाएर रहेको अवशेष पनि भिरालो ओडार अनि अप्ठ्यारो स्थानमा हुने गर्दछ ।
- उक्त अवशेषको वरिपरि तथा नजिकै हिमचितुवाको स्पष्ट पाईलाहरू तथा उसका रौं, भूत्लाहरू प्रायःस झरेको हुन्छ ।
- धेरै जसो पशुको रगत, मुटु कलेजो पहिले खाने गर्ने हुनाले उक्त मृत पशुमा यी कुराहरू प्राायः हुदैनन् वा भेटिदैनन् ।
- सानो खालका वाच्छा तथा चौरीहरू भएमा त्यसलाई नजिकै कतै स्याउला तथा माटो, छेस्काहरूले ढाकेर लुकाउंछ अर्थात लुकाएर राख्ने गर्दछ ।
- पहिलो आक्रमण घिच्रोमा टोकेर मार्ने हुनाले घाँटीमा त्यसको दाग प्रायः स्पष्ट देखिन्छ ।
- शरीरको अन्य भागहरूमा नङग्राहरूको दाग तथा कहिलेकाँही नंग्राका टुकाहरू देखिन्छन् ।

## ६. पशु बिमा कार्यक्रमका हालसम्मका मुख्य उपलब्धिहरू :

पशु बिमा व्यवस्थापनका लागी निर्धारित बजेटबाट त्यसको बढी से बढी फाईदा स्थानीय उपभोक्ताहरूको जीविकोपार्जनमा पुगोस भन्ने हेतुले पशु व्यवस्थापन तथा स्वास्थ्य संवन्धि ज्ञान भएका प्राविधिक उत्पादन गर्ने, कोषको पैसाको केहि अंश (*करिब चारलाख रुपैयाँ*)लाई १२ प्रतिशत व्याजमा लगाउने आदि कार्य गरियो । यसले गर्दा हिमचितुवाको महत्व तथा लोपोन्पुख अवस्थाबाट जोगाउन पर्ने महत्व र यसैका नामबाट ल्याईएको रकमबाट नै उनीहरुले अन्य जीविकोपार्जनका अवसर पाईरहेका छन भन्ने महसुस भयो । जसको प्रभावकारी नतिजाका रुपमा अहिले मानिसहरूको क्षति वहन गर्ने क्षमता धेरै हदसम्म घटेको छ भने क्षतिपूर्ति दाबी गर्नका लागी हिमचितुवाले खाएर बाँकी छाडेको अवशेष अनिवार्य रुपमा छानविन समितिलाई दाबी पेश गर्नुपर्ने भएकोले प्रतिशोध स्वरुप मारिएको शरीरमा विषादि हालेर **हिमचितुवालाई भुक्याई मारिने घटनामा उल्लेखनीय कमी आएको छ** । स्थानीय खर्कमा वस्ने तथा चौरी गोठालाहरूलाई पनि यस कोषबाट सुलभ दरमा कर्जा प्रवाह गरी पुनः चौरी किन्नका लागि उपलब्ध गराउन थालिएको छ, जसले गर्दा स्थानीय रुपमा याक तथा चौरी गाईको संख्या पनि नघट्ने भयो । यसरी परियोजना, स्थानीय उपभोक्ता, हिमचितुवा संरक्षण समिति, संरक्षण क्षेत्र



*मुस्ताङमा पाईएको दुर्लभ हिम चितुवा*
*श्रोत : राम गुरुङ, एक्याप, मुस्ताङ, २००७*

व्यवस्थापन परिषद आदिलाई सहभागी गराउन सकिएको छ भने डब्ल्यू डब्ल्यू एफ नेपालले लिएको मूलभूत लक्ष्य यस पवित्र हिमालय भू-परिधि क्षेत्रमा रहेको प्रजातीय पहिचानको विम्ब तथा लोपोन्मुक वहुमूल्य प्राणी हिमचितुवाको संरक्षण कार्यलाई पनि दिगो व्यवस्थापनमा रुपान्तरण गर्न सकिएको छ। यस संदर्भमा स्थानीय उपभोक्ता समुदाय तथा उहाँहरूका प्रतिनिधिहरूसँग छलफल गर्दा उनीहरूले हिमचितुवा संरक्षण, जीविकोपार्जन तथा जोखिम न्यूनीकरण बीचको अन्तर्सम्बन्ध झल्काउन एउटा चित्र कोरेर अझ स्पष्ट पारेका छन्। (*हेर्नुहोस चित्र नं. १*) पशु बिमा योजनाका उपलव्धीहरूलाई मुख्यतः दुई भागमा व्यवस्थापकीय तथा अन्य गरी बाँडिएको छ। जसलाई विस्तारमा निम्न किसिमले व्याख्या गरिएको छ।

## ६.१. व्यवस्थापकीय उपलव्धिहरू

व्यवस्थापकीय हिसावले हेर्दा र विश्लेषण गर्दा बेरोजगारी, चोरी शिकारी, खोरिया फडानी आदिलाई पूर्णरुपमा रोक्न नसकिएको भएता पनि यस क्षेत्रमा सुधार भने अवश्य भएको छ। विगतको लामो हिंसात्मक प्रभाव तथा राज्यको शुन्य उपस्थितिको अवस्थामा पनि यस क्षेत्रका संरक्षण समिति, समूह तथा उपभोक्ताहरूले आफ्नो दायित्व लाई निरंतरता दिए र विगतमा गरिएको उपलव्धीको साखलाई जोगाई राखे। हिमचितुवा संरक्षण समितिले आफूले प्राप्त गरेको कोषको परिचालन संरक्षण गर्नुका साथसाथै त्यसवाट व्याज आर्जन गर्न पनि सफल भएको कुराले के देखाउँछ भने विगतको विषम परिस्थितिमा पनि स्थानीय उपभोक्ता तथा संरक्षण समिति, समूहका पदाधिकारीहरूले कुनै धैर्य गुमाएनन् बरु यसलाई संरक्षणका लागि चुनौतीका रुपमा वरण गरेर संरक्षणका कार्यहरूलाई निरंतरता दिए। मोटामोटी रुपमा स्थानीय पदाधिकारीहरू तथा उपभोक्ताहरूसँगको छलफलमा निम्न कुराहरू उपलव्धी गरिएको औल्याएका छन्।

- प्रिमीयम संकलन, कोष संचालन समिर्ति, व्यवस्थापन समितिको स्थापना, हिमचितुवा संरक्षण समितिको क्षमता वृद्धिका कार्यहरू सम्पन्न भएको
- प्रिमियम फछ्र्यौट कार्य संचालन, लगत राख्ने व्यक्तिको किटान तथा जिम्मेवारी तोकिएको
- हिम चितुवा संरक्षण समिति, चौंरी गोठालाहरू तथा यस योजनामा संलग्न घरधुरीका प्रतिनिधिहरूलाई अभिमुखीकरण, चेतनामुलक तथा क्षमता अभिवृद्धिका कार्यकमको संचालन गरिएको

**बक्स नं. २: पशु बिमा योजनाको कार्यविधि**

१. हिम चितुवाले मारेको प्रमाणित भए हर्जाना स्वरुप प्रति याक चौरी रु २,५०० उपलब्ध गराईनेछ।
२. हिम चितुवाले मारेको हो होईन भन्ने निर्णय हिम चितुवा संरक्षण समितिले गर्नेछ।
३. योजनामा भाग लिने कृषकले असोज महिनाको १ गते विमा स्वरुप प्रति याक चौरी रु ५५ वुझाउनु पर्नेछ।
५. हिम चितुवा संरक्षण समितिले यस योजनामा भाग लिने कृषकहरूलाई उँहाहरूले बिमा स्वरुप वुझाएको रकममा ३ प्रतिशत व्याज थपि तेस्रो वर्षको भाद्र महिनाको अन्तिममा फिर्ता गर्नु पर्नेछ।
६. पशु विमा योजनाको सहयोगार्थ हिमचितुवा संरक्षण समितिको नाममा खोलिएको बैंक खातामा रु १२,००,००० (अक्षेरुपि १२ लाख) जम्मा गरेकोछ।
७. खातामा रहेको रकम मार्फत प्राप्त हुने ब्याजबाट हर्जाना स्वरुप प्रदान गरिने रकमको व्यवस्था गरिनेछ। हर्जना तिरेर पनि खातामा रहेको रकम मार्फत प्राप्त हुने ब्याज रकम बाकि रहन गएमा, सो रकम योजनामा भाग लिएका तर त्यस वर्ष हर्जना नपाएका कृषकहरूलाई उँहाहरूले बिमा गरेको याक चौरीको संख्याको आधारमा भागबन्डा गरिनेछ।
८. बैंक खाता आयोजना प्रबन्धक र हिम चितुवा संरक्षण समिति अध्यक्षको संयुक्त हस्ताक्षरमा पशु बिमा योजना बैंक खाता विनियम वमोजिम संञ्चालन हुनेछ।
९. पशु बिमा योजना र हिम चितुवा संरक्षण समितिको अनुगमन तथा मूल्याङ्कन, स्थलगत भ्रमण, बैंक स्टेटमेन्ट तथा त्रैमासिक प्रतिवेदनको आधारमा गरिनेछ।
१०. यसरी गरिएको अनुगमन तथा मूल्याङ्कनको आधारमा आयोजनाले पशु बिमा योजना खारेज पनि गर्न सक्नेछ।
११. यस कार्यविधिमा केहि कमी कमजोरी देखिएमा हिम चितुवा संरक्षण समिति र आयोजनाको सहमतिमा कार्यविधिहरु संसोधन गर्न सकिनेछ।

*स्रोत : कंचनजंङ्गा संरक्षण क्षेत्र व्यवस्थापन परिषद सचिवालय, लेलेप, ताप्लेजुङ्ग*


- चौरी गोठालाहरूलाई प्रयोग गर्नका लागि तथा वस्ने स्थानमा आन्तरिक तापक्रम वढाउने खालको फलाम निर्मित आधुनिक चुलो वितरण गरिएको
- पशु बिमा कार्यक्रमको अक्षय कोष स्थापना *(बैंकमा खाता खोली स्थापना गरिएको)* गरिएको
- पशु नोक्सानी तथा क्षतिपुर्ति दाबीका लागि प्रमाणीकरण (Verification Skills) को सीप विकास गरिएको
- हिमचितुवा संरक्षण समितिको संस्थागत क्षमता अभिवृद्धि *(व्यवस्थापकीय, सञ्चालन, अनुगमन, दाबी पर्न आएको नोक्सानीको क्षतिपुर्ति र कोषको संचालन तथा सुरक्षित लगानीद्धारा आय आर्जन)*
- हिउँद महिनामा खर्कमा गोठ सार्ने, घरधुरी तथा गोठालाहरूको लगत तैयार गर्ने, गोठको अवस्थिति तथा सुधारका प्रयास र त्यसको आधिकारिक विस्तृत विवरण लिने कार्य सम्पन्न गरिएको
- यस संवन्धमा व्यापक प्रचार प्रसार गर्न सम्बन्धित क्षेत्र वरिपरिका ईको क्लब तथा अवैध चोरी शिकारी नियन्त्रण समूहहरूको अभिमुखीकरण तथा क्षमता अभिवृद्धि गरी उनीहरूलाई हिम चितुवा लगायत अन्य जीवजन्तुहरूको अवैध चोरी शिकारी नियन्त्रणमा सक्रिय परिचालन गरिएको
- पशु स्वास्थ तथा अन्य कारणबाट हुने पशुधन नोक्सानीको व्यवस्थापनकार्य यस पशुधन बिमायोजनाको थालनीले यसक्षेत्रमा हिमचितुवा संरक्षणका लागि मात्रै ढोका नखोली, यस क्षेत्र लगायत नेपालका अन्य हिमाली क्षेत्रमा पनि स्थानीय समुदायको सहभागितामा हिमचितुवाको संरक्षण गर्न सकिने ढोका खोलिदिएको छ। त्यसैगरी यसले हिमचितुवाका कारणले मात्र नभई अन्यकारणले मर्ने पशुधन क्षतिको मागलाई निजी, सामुदायिक बिमा संचालन, पशु बिमा योजना कार्यक्रमलाई विस्तार गर्न सकिन्छ भन्ने प्रमाण प्रस्तुत गरेको छ।

## ६.२. पशु बिमा कार्यक्रमका अन्य उपलव्धीहरू

- **विषादिबाट मार्ने कार्य पूर्णत बन्द:** हिमचितुवाबाट मारिएका वस्तु प्रमाणका रुपमा देखाउन पर्ने भएकोले यसमा विष मिसाएर मार्ने काम पूर्णत घटेको छ।
- **पुनः उपयोग तथा उपभोग गर्न मिल्ने:** मारिएको वस्तु संवन्धित धनिले नै लैजान, उपयोग तथा उपभोग गर्न पाउने व्यवस्था गरिएकोले त्यसमा विषादि मिसाउन नमिल्ने साथै उक्त वस्तु आफै उपभोग गर्न चाहेमा पनि पाउने कारणले पनि विष प्रयोगमा कमी
- **मानवीय श्रोत, सीप तथा अनुभवको सदुपयोग:** गोठालाहरू तथा खर्कमा वस्नेहरूको पनि हिम चितुवा संरक्षणमा अहम भूमिका भएको अनुभव तथा हिमचितुवाको वानी व्यवहार संवन्धमा उनीहरूका परम्परागत सीप, अनुभव तथा ज्ञान जस्तै यसको वासस्थान, यसले शिकार गर्ने समय, शिकार गर्ने प्रवृत्ति, पहिचान गर्ने तरिका आदिको मूल्याङ्कन तथा हिमचितुवा संरक्षणमा उपयोग तथा निरंतरता गर्न सकिएको छ
- **आर्थिक उपार्जनको अवसर:** पहिचान तथा छानबिन टोलीमा खटिइ जाने गोठाला तथा अन्य संलग्न व्यक्तिलाई आंशिक भए पनि आर्थिक लाभ (हाल प्रति व्यक्ति प्रति दिन रु २५० का दरले समितिले दिने गरेको)
- **सामाजिक भूमिका:** समान्य चौरी गोठाला तथा नियमित घरेलु कार्यमा अल्भिएर वस्नेहरूले पनि उपभोक्ता समिति, संरक्षण समिति तथा छानबिन समिति, विशेष समिति आदिमा वसेर हिमचितुवा जस्तो दुर्लभ प्राणीको संरक्षणमा समाजिक दायित्व निर्वाह गर्न पाउनुले उनीहरूले आफ्नै समाजमा पहिचान वढेको तथा समाजिक दायित्व निर्वाह गर्ने अवसर, र मानिसहरूसँग अन्तर्क्रिया गर्ने पाएको भन्ने भनाई रहेको छ
- **हिमचितुवाको संख्या वृद्धि:** हिम चितुवाको संख्यामा वृद्धि (पत्रिका तथा भिजीटरहरूको दाबीका आधारमा): यस क्षेत्रमा हिमचितुवाको आधिकारिक वैज्ञानिक अध्ययन तथा परियोजनाको अनुगमन नगरिएको भएता पनि, स्थानीय चौरी गोठालाहरू, वासिन्दाहरू, यसका पदचिन्हहरू, यसवाट मारिएका घटनाहरू तथा ताप्लेजुङ्ग स्थित स्थानीय गैरसरकारी संस्थाले गरेको सर्वेक्षण प्रतिवेदनका आधारमा हिमचितुवाको संख्यामा वृद्धि भएको भन्ने भनाई छ

- **हिमचितुवाको प्रतिशोधपूर्ण मार्ने कार्य बन्दः** हिमचितुवा संरक्षणको सवै भन्दा प्रमुख चुनौतीका रुपमा रहेको यसको प्रतिशोधपूर्ण रुपमा गरिने हत्या हो जसले गर्दा हिमचितुवाको संरक्षण तथा संख्या वृद्धिमा चुनौती भईरहेको थियो । यसका साथै, स्थानीय समुदायको खास गरी चौरी गोठालाहरूको यस प्रतिको अवधारणा नकारात्मक रहेको थियो जुन यस कार्यक्रमले गर्दा यसरी प्रतिशोधरुपमा मार्ने कार्य पूर्णतः वन्द भएको स्थानीय हिमचितुवा संरक्षण समितिका पदाधिकारीहरू दाबी गर्दछन् भने यस प्रति उनीहरूको सोंच तथा व्यवहारमा परिवर्तन आएको तथ्य परिषद तथा स्थानीय प्रतिनिधिहरुो भनाई रहेको छ
- **पारिस्थिकीय प्रणालीलाई लाई निरन्तरताः** हिमचितुवा जस्तो अति संकटापन्न तथा दुर्लभ प्राणी जस्ले प्रकृति संतुलन, अन्य जीवहरूबीचको सन्तुलनमा सहयोग पुराई उच्च हिमालीय पारिस्थिकीय प्रणालीलाई कायम राखी निरन्तरता दिन सघाउ पुऱ्याएको छ । कुनैपनि दिगो नहुने गरि गरिने गतिविधिमा भएको परिवर्तनले यसलाई वढावा तथा दिगोपन दिएको छ
- **अल्प रोजगारीको अवसरः** स्थानीय व्यक्तिहरूलाई खास गरि चौरी गोठालाहरूलाई, यसको विभिन्न स्तरको आवश्यकीय कार्यमा सहभागी गराए वापत र उनीहरुको विलक्षण सीप, अनुभव तथा ज्ञानको हिमचितुवा संरक्षणमा सदुपयोग, त्यसको आंशिक भए पनि पारितोषिक पाउने भएकोले उनीहरूलाई अल्प रोजगारीको अवसर मिलेको छ ।
- **सुलभ तथा न्युन व्याज दरमा लघु ऋण उपलव्धः** गोठालाहरू तथा वस्तु मारिने घरकाले उक्त कोषबाट केही रकम लघु ऋणका रुपमा प्राप्त गर्ने भएकोले उसलाई नयाँ चौरी खरिद गर्ने ऋणको चाप नपर्ने भएकोले उसले दोहोरो ऋणव्याजको मार खेपी रहन पर्दैन
- **क्षमता वृद्धिका अवसरः** गोठालाहरूलाई पशुव्यवस्थापन तालिम तथा पशुस्वास्थ संवन्धि अभिमुखीकरण गोष्ठीमा सहभागी हुने तथा ज्ञान आर्जन गर्ने अवसर, सीप देखाउने अवसर प्राप्त । यसका अतिरिक्त उनीहरूले आधुनिक फलामे चुलो पनि प्राप्त गरेका छन् ।

ग्राफ चित्र नं. ३. समुदायले कोरेको मालिङ्गो र हिमचितुवा संरक्षणको अर्न्तसम्बन्ध देखाउने रेखाचित्र




*श्रोतः स्थलगत छलफलको निश्कर्ष, कंचनजंङ्घा, लेलेप, ताप्लेजुङ, अप्रिल २००७*

## ७. पशु बिमा कार्यक्रममा अनुभव गरिएका मुख्य चुनौतीहरू

कार्यक्रमको थालनीसँगसँगै यसका विभिन्न चुनौतीहरू पनि देखिन थालेको र भोगेको यससँग सम्बन्धित पदाधिकारीहरू वताउँछन् । जस्तै हिमचितुवाले खाएको हो वा अन्य जनावरले खाएको हो, किन भने मारिएको पशुको बाँकी अवशेष नभेटिँदा पनि एकातिर सर्वसाधारण उपभोक्ताहरूलाई दाबी गर्न सजिलो भयो भने अर्को तर्फ व्यवस्थापकहरूलाई साच्चै नै हिमचितुवाले मारको वा खाएको हो वा होईन निर्क्यौल गर्न कठिन भयो ।

### ७.१. प्राविधिक चुनौतीहरू:

- **घटनास्थलसम्म पुग्ने समस्या:** प्रकृतिले नै हिमचितुवालाई हिमच्छादित स्थलहरूको सुरक्षा कवच दिएको छ, तसर्थ यसले गर्ने शिकारहरू पनि यिनै गन्तव्यस्थलहरूमा लग्ने, आफ्ना डमरुहरू भएको स्थलमा पुर्‍याउने हुनाले खास गरी स-साना चौरीका बाच्छाहरूलाई मारे पछि टाढा टाढासम्म लग्ने गर्छ, जस्ले गर्दा सही रुपमा उक्त मृत पशुको अवशेष भेटाउन कठिन पर्ने गर्छ । अर्को तर्फ प्रमाणिकरणका लागी यसको अवशेष सवुतका रुपमा भेटिनु पनि आवश्यक छ ।



*प्रकृतिको उपहार हिउँको आवरणभित्र सुन्दर घुन्सा गाउँ*
*श्रोत : दिपेश प्याकुरेल, कन्सल्ट्यान्ट*

- **आवश्यक उपकरणको समस्या** : अति विकट कठिन, हिंउ परिरहने र वाटो गोरेटोको पहिचान आदि कारणले गर्दा यसका लागि नियमित रुपमा टेन्ट, स्लीपिङ्ग व्याग, तातोपानीको लागी टुम्लेट, टर्च, क्यामरा, न्यानो ज्याकेट तथा क्याप, वाईनाकुलर, स्नो ग्लास तथा नाप्ने फिता र केरियर ब्याग आदि आवश्यक पर्छ र सदैव उपलव्ध र सही अवस्थामा हुन पर्छ, तर यस मध्ये कतिपय समान हिमचितुवा समितिसँग हुदाहुदै पनि आवश्यक परेको वेला संवन्धित मानिस नभेटिने र उपलव्ध सामान पनि सही अवस्थामा नहुने हुँदा समस्या पर्ने गर्दछ । फेरी यस्तो घटना पनि कति वेला होला भनेर निर्क्यौल गर्न नसकिने आदि कारणले गर्दा कहिलेकाहीं आवश्यक उपकरणको समस्या पर्ने गर्दछ । उक्त समान उपयोग पछि समितिमा फिर्ता गर्न पर्ने भएकाले पनि चाहिएको वेलामा सहजै उपलव्ध हुदैन ।

### ७.२ व्यवस्थापकीय चुनौती:

- **उपभोक्ताहरूको विश्वास आर्जन गर्नु:** व्यवस्थापकीय हिसाबले प्रारम्भमा भोग्नु परेको चुनौती भनेको यस कार्यकम प्रति उपभोक्ताहरूको जनविश्वास आर्जन गर्नु गराउनु थियो किनभने आफुले तिर्नु पर्ने प्रति चौंरी ५५ रुपैयाँ प्रिमीयम फिर्ता नपाईने हो कि तथा कार्यकम फिर्ता गएमा प्रिमीयम लगानी कहाँ जाला वा हिनामिना होला भन्ने शंका निवारण गराउन समय लाग्यो ।
- **शशक्त नेतृत्व तथा सीपयुक्त मानवीय श्रोतको प्रवर्द्धन:** अहिलेको वदलिएको अवस्थामा पनि यसलाई एउटा छुट्टै परियोजना अवधारणाको रुपमा विकास गरि डब्ल्यू डब्ल्यू एफ् नेपालले अन्य उच्च हिमाली क्षेत्रमा विस्तार गर्दै लैजाने र यस व्यवस्थापनमा भए, गरे देखिएका चुनौती र समस्याबाट पाठ सिक्न, प्राप्त गरेका

उपलव्धी, उपभोक्ताहरूको सन्तुष्टिलाई अन्य विस्तार गरिने क्षेत्रमा आदानप्रदान गर्ने कार्यको स्थानीय तहबाट सशक्त नेतृत्व दिने नेतृत्वको विकास गर्नु अहिलेको वास्तविक चुनौती बनेको छ। यस क्षेत्रमा यो योजना सफल छ, अर्थात भएको छ भन्नु भन्दा पनि यसलाई अन्य कार्य क्षेत्रमा एउटा सिकिएको पाठको रुपमा पुनःस्थापित गर्न सकिन्छ भन्नु वास्तविक चुनौती हो।

- **परियोजना कार्यालय प्रति निर्भरः** अझै पनि कतिपय हिमचितुवा संरक्षण समिति तथा उपसमितिहरू यस परियोजना कार्यालय प्रति निर्भर छन् भने हिमचितुवा संरक्षण समितिका पदाधिकारीहरूपनि व्यवस्थापकीय क्षमताको परिपक्वता आईनसकेकोले भावी अनुभवी श्रोत व्यक्तिका रुपमा अगाडि सर्न हिचकिचाउने अवस्था छ, तसर्थ दिगो जीविकोपार्जनको महत्वपूर्ण सिद्धान्त *"स्थानीय सवलतामा आधारित"* (Building on Local Strengths)लाई मनन गर्दै हालको अनुभव सिकाई तथा स्थानीय पदाधिकारीहरूको अनुभवलाई अझ परिष्कृत गरी उनीहरूलाई अन्य विस्तारित क्षेत्रमा एउटा श्रोत व्यक्तिका रुपमा लैजान सकिएमा उक्त कार्यक्रमले दिगो रुप लिनुका साथै स्थानीय नेतृत्व, सीप तथा आत्मविश्वास वढने छ भने अर्कोतर्फ अल्पकालिन भएपनि रोजगारी पाउने छन्।



*घुन्सा हिमचितुवा संरक्षण उपसमिति घुन्साका पदाधिकारीहरु*
*श्रोतः कंचनजंङ्घा संरक्षण क्षेत्र आयोजना कार्यालय लेलेप, ताप्लेजुङ*

**बक्स नं. ३: घुन्साको हालसम्मको अवस्था**

जम्मा १६ वटा पशुपालकहरुले करिव ३३२ वटा पशुहरुको बिमा गरेका छन। जसवाट प्रति पशु रु ५५ का दरले रु १८२६० प्रिमीयम संकलनका रुपमा जम्मा भएको छ। यस पशुबिमा योजनामा सहभागी पशुपालकहरुले उक्त संकलित प्रिमीयम रकमलाई स्थानीय स्तरमै विभिन्न आयआर्जनका क्षेत्रमा पुनः लगानी गरी स्थानीय लघुवित्तको आवश्यकता पुरा गर्ने निधो गरेका छन। प्रारम्भमा परियोजनाको अवधारणा उक्त संकलित प्रिमीयम रकमलाई स्थानीय आमा समूहबाट परिचालन गरी कोष वढाउने परिकल्पना गरिएता पनि पशुपालकहरुको चाहना र माग अनि उनीहरुको निर्णयलाई कदर गर्दै, परियोजनाले परिषदको सुझावमा स्थानीय हिमचितुवा संरक्षण समिति मार्फत नै उपभोक्ताको सहमति बमोजिमको व्याजदरमा, परिचालन गर्ने सहमति दिएको हो। त्यसैगरी उक्त वैठकले पशु गोठालाहरु मध्येबाट ५ जनालाई छानेर आधुनिक फलामे चुल्हो वितरण गरिएको थियो।

- **अन्य क्षेत्रमा लगानीको न्यून अवसरः** उच्च हिमाली भेकमा सामाजिक सांस्कृतिक विशेषताको आदानप्रदान हुनेछ, अझ महत्वपूर्णरुपमा भन्नुपर्दा प्रतिशोध स्वरुप गरिने हिमचितुवाको हत्यामा कमी हुन गई यसको संरक्षणमा जन सहभागिता वढने छ र यो प्रजातिको दीर्घकालीन संरक्षणमा टेवा पुगेको छ तर यति हुँदाहुँदै पनि अक्षय कोष र त्यसबाट आर्जित व्याजलाई अन्य जीविकोपार्जन, रोजगार, आयमूलक कार्यमा लगानी गर्ने अवसर भने न्यून छ। जस्ले गर्दा उक्त रकमको लगानी क्षेत्र न्यून छ।

## ८. कार्यक्रमको विश्लेषण तथा प्रभावकारिता

पशु बिमा कार्यक्रम घुन्सामा तीन वर्ष देखि संचालनमा आएको भएता पनि ओलाङ्गचुङ्ग गोला र याम्फुदिन गा.वि.समा हालसालै मात्र यसलाई कार्यन्वयन गरिएको छ भने यसको प्रिमीयमकर्ताहरू वल्ल वल्दै गरेकाले यसको दाबी तथा क्षतिपूर्तिको संख्या केही न्यून देखिन्छ, तसर्थ यसै प्रवृत्तिलाई अन्तिम निष्कर्षका रुपमा लिई हाल्नु उचित देखिदैन । तर यसले थोरै समयमा भए पनि यसको आवश्यकता रहेको औचित्य सावित गरेको तथ्य बक्स नं १ र २ मा दिईएको विवरणले देखाउँदछ । उक्त विवरण अनुसार हालसम्म वन्य जनावरले मारेका वस्तु भाउको कुल संख्या ३० रहेकोमा २१ वटा हिमचितुवाबाट मारिएका छन भने, खैरो हिमालयन भालु *(स्थानीय बासिन्दाको भनाई तथा दाबीमा आधारित)* बाट ८ र जंगली कुकुर अर्थात स्थानीय शव्दमा तिव्वतीयन ब्वांसोबाट मारिएका वस्तुको संख्या एक रहेको देखिन्छ । तर यहाँ सोच्नु पर्ने कुरा के देखिन्छ भने वस्तुभाउ मारिएको भएता पनि यदि त्यसको बिमा गरिएको छैन भने त्यस्तो संख्या उल्लेख गरिएको छैन । प्रस्तुत टेवल नं.१.ले प्रिमीयम गरिएका तथा दाबीका लागि निवेदन गरिएका वस्तुभाउको संख्या मात्र देखाउंछ । यसैगरी स्थान विशेषका आधारमा हेर्ने हो भने घुन्सामा सवै भन्दा वढी १८ वटा याक, जसमा हिमचितुवाले मात्रै १२ वटा मारेको, देखिन्छ भने अन्य स्थानमा ओलाङ्गचुङ्ग गोलामा १० वटा र याम्फुदिनमा ४ वटा मारिएको देखिन्छ । उक्त प्रवृत्तिलाई विश्लेषण गरी हेर्ने हो भने हिमालयन खैरो भालुले पनि वढी नै खास गरी चौरीका वच्चाहरू मारेको देखिन्छ । याम्फुदिन तथा ओलाङ्गचुङ्ग गोलामा गएको वर्षदेखि मात्र बिमा कार्यक्रम प्रारम्भ गरिएकोले यसको आवृत्ति नाप्नका लागि तथा घटनाहरूको बारम्बारिता हेर्नका लागि कम्तीमा ३ वर्ष पुगी सकेपछि तुलनात्मक अध्ययन गरिनु औचित्यपूर्ण हुने देखिन्छ । यसैगरी मौसमका हिसाबले यसको विश्लेषण गरि हेर्दा याक चौरी मारिने घटना वढी मात्रामा वैशाख, साउन, भदौ, र चैत्रमा भएको देखिन्छ भने भेडा बाखा भने साउन भदौमा वढी मारिने गरेको देखिन्छ । यसको कारण खोतल्दा चैत्र वैसाख महिनामा हिउंपग्लीने वरिपरिका घाँसहरु नहुने भएकोले चौरीहरु टाढा टाढा सम्म जाने, दुव्लो हुने समान्यता मानिसहरुको उपस्थिति भन्दा वाहिर हुने भएकाले वढि चौरीका वच्चा खाने गर्छ । हिमचितुलाई पनि मार्न सजिलो पर्छ, अर्को तर्फ मृग, नाउरहरु उजाड समय भएकोले हिमचितुवाको उपस्थितिको पुर्वाभास गर्न सक्ने, भाग्न सक्ने भएकोले त्यसको चाप यस महिनामा मा पशुमा पर्ने गरेको स्थानिय उपभोक्ताहरु वताउंछन् ।

**टेबल नं. १: कार्यक्रम लागु भएपछि हालसम्म दाबी गरिएका पशुहरूको विवरण**

| क्र.सं. | जनावरको प्रकार | याम्फुदिन | घुन्सा | ओलाङ्गचुङ्ग गोला | जम्मा |
|---|---|---|---|---|---|
| १ | हिम चितुवा | ३ (चौरी) | १२ याक | ६ याक | २१ |
| २ | जंगली कुकुर (तिव्वतीयन व्वांसो) | १ गाई | ० | ० | १ |
| ३ | भालु (हिमालयन भालु) | ० | ४ याक | ४ याक | ८ |

**टेबल नं. २: हिमचितुवाबाट बढी वस्तु आक्रमण हुने महिनाहरू**

| वस्तु भाउका प्रकार | नेपाली महिनाहरू | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| याक चौरी | | | | | | | | | | | | |
| भेडा बाखा | | | | | | | | | | | | |

*श्रोत: स्थलगत अध्ययन तथा सर्वेक्षण, ललेप, अप्रिल २००७*



*हिमचितुवाले मारेर, खाएर छोडेको चौरीको बच्चा*
*श्रोतः कंचनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन परिषद, लेलेप, ताप्लेजुङ*

## ८.१ कार्यक्रम बिस्तार तथा प्रभावकारिता वृद्धिका लागि सहव्यवस्थापनको अवसर विश्लेषणः

समुदायमा आधारित संरक्षण व्यवस्थापन कार्य, विगत १0 वर्षको अनुभव, यस क्षेत्रको पहिचानको रुपमा रहेको हिमचितुवाको दिगो संरक्षणमा स्थानीय समुदायको व्यवहार तथा धारणा परिवर्तन र दीर्घकालीन साझेदारीका रुपमा सहव्यवस्थापनका अवसर तथा चुनौतीहरूको विश्लेषण मूल्याङ्कन निम्न पक्षहरूमा केन्द्रित रही गरिएको थियो । यसलाई सहभागी तथा समावेशीमूलक बनाउन व्यवस्थापन परिषद, समिति, हिमचितुवा संरक्षण समिति, परियोजनाका स्थानीय तथा व्यवस्थापकीय कर्मचारी, स्थानीय उपभोक्ता समूहका प्रतिनिधिहरू सबैसँग गहन छलफल विश्लेषण गरिएको थियो । यसका लागि विश्लेषण प्रक्रिया SWOT Analysis को प्रयोगका आधारमा गरिएको थियो । यस प्रक्रियामा सबैले औंल्याए अनुसार पशुधन बिमा योजनाका निम्न लिखित सबल पक्ष, दुर्बल पक्ष, चुनौतीहरू तथा अवसर हरूलाई निष्कर्षका रुपमा निकालिएको थियो जसको सारांश नतिजा यस प्रकार छ ।

**बक्स नं. ४:**

**क) सवलपक्ष**
- क्रियाशिल संस्थागत संरचना
- सामुदायिक वन व्यवस्थापनमा संरक्षण समिति तथा आमा समूहको सहभागिता
- परिषद अन्तर्गतका अन्तरनिकायहरूमा पारदर्शिताको अभ्यास संस्थागत भएको
- स्थानीय उपभोक्ता तथा समूहका पदाधिकारिहरूमा हिमचितुवा संरक्षण संवन्धी चेतना
- नेतृत्वको विकास स्थानीय स्तरदेखि नै प्रारम्भ जसलाई हिमचितुवा संरक्षणमा उपयोग गर्न सकिने
- नीति नियम तथा पैरवीगर्ने क्षमता स्थानीय स्तरमा विद्यमान
- जिम्मेवारीको आपसी रुपमा न्यायोचित तथा समावेशी बाँडफाँड
- व्यवस्थापकिय क्षमता तथा नया परिस्थिति अनुरुप चल्न सक्ने सोंच
- नयाँ आयोजना तथा स्किम संचालन गर्न सक्ने व्यवस्थापकीय क्षमता
- पूर्वाधार निर्माण, समाजिक परिचालन तथा संचालनमा व्यवहारिक अनुभव ।

**घ) सुधार्नु पर्ने पक्षहरू**
- सवै घरधुरीहरू (चौरीपालकहरू) लाई वर्तमान योजनामा समावेश गर्न नसकिनु
- हिमचितुवा संरक्षण समिति, उपभोक्ता समूह तथा परिषदका पदाधिकारी बीच संचार अन्तर्क्रिया प्रभावकारी नहुनु
- सबै सरोकारवालाहरूमा प्राविधिक ज्ञानको अभाव । जस्तै हिमचितुवाले वा अन्य जनावरले खाएको हो छुट्टयाउन सक्ने सीप
- स्थानीय स्रोतमा आधारित जीविकोपार्जनका सीमीत अवसर
- नगदी तथा आयमूलक रोजगारको न्यून अवसर
- स्थानीय श्रोतहरूको पूर्णरुपमा परिचालन गर्न नसकिनु
- लक्षित समूह तोकेर अरु कार्यक्रम, अवसर वितरण नगरिदा समूह भित्र आपसमा द्वेष, असन्तुष्टि सिर्जना
- आमा समूहद्वारा लगानी गरिएका तथा प्रर्वद्धन गरिएका कोषको प्रभावकारी व्यवस्थापन पृष्ठपोषण तथा उपयोग गर्न नसक्नु
- परिषदले मातहतका अन्य समूहरूलाई प्रभावकारी रुपमा आवश्यक प्राविधिक परामर्श दिन नसक्नु
- घटनास्थलसम्म जानका लागि आवश्यक उपयुक्त उपकरण र वस्ने कुराको अभाव

**ख) संभाव्य अवसर**
- संरक्षण क्षेत्रको व्यवस्थापकीय अवसरको जिम्मेवारी, नौलो योजनाको जिम्मेवारी
- व्यवस्थापन योजना नियमावली कार्यान्वयनका लागि तयार
- नयाँ साझेदारहरू प्राप्त हुन सक्ने (स्थायी स्रोतको सम्भावना)
- नयाँ रोजगारी अवसरका क्षेत्रहरू, साझेदारी तथा सीपको पुँजीकरण
- असल शासन सम्बन्धी कार्यक्रमको थालनीले अन्य अवसरहरूको सिर्जना
- नयाँ जिम्मेवारीका कारण क्षमता वृद्धिको अवसर
- जैविक सांस्कृतिक विविधताको दिर्घकालीन संरक्षण, हिमचितुवाको संरक्षणको श्रेय ।

**ग) संभाव्य चुनौतीहरू**
- आंशिक पर्यटक शुल्क वाहेक हालसम्म परिषदको आफ्नै नियमित आय श्रोतको माध्यम नभएको
- जिल्लाको अनुदान विकास कार्यक्रम यी चार गा.वि.स.ले नपाउनु तथा वञ्चित गराईनु
- जिल्ला स्तरमा स्वरोजगारका अवसरको पहिचान गर्न नसक्नु
- वाहिरियाहरूको प्रवेशले गर्दा आर्थिक अवसर गुमाउन सक्ने खतरा वढ्दै जानु
- तरल राजनितिक अवस्थाका कारण देशले प्रजाति संरक्षण र जोखिम न्यूनीकरणका लागि नया दिशा लिन नसक्नु

## ९. निष्कर्ष

**बक्स नं. ५: समुदायसंग छलफलका निश्कर्ष सारांशहरु**

- निश्चिन्त तथा सुरक्षित पशुपालन
- संगठित सामुहिक प्रयास तथा पारिवारिक सम्पत्तिको सुरक्षा
- स्थानीय सीपको परिचालन तथा प्रवर्द्धन
- सक्रिय तथा समावेशी सामाजिक सहभागीता
- स्थानीय स्वामित्व तथा आफ्नोपनको अनुभूति
- स्थानीय सीप, अनुभव तथा व्यवस्थापकीय क्षमतामा आधारित
- सामाजिक प्रतिष्ठा तथा भूमिकामा परिवर्तन
- समय भित्र किस्ता तिर्नुपर्ने तथा जुटाउनु पर्ने आवश्यकता
- अतिरिक्त कार्यवोभ्क जिम्मेवारी
- व्यक्तिगत क्षमता, आवश्यक भौतिक उपकरण
- सिमित व्यक्तिमा निहित प्राविधिक ज्ञान
- संकलित प्रिमीयमको सुरक्षा तथा पुनःउपयोग
- जोखिमपूर्ण तथा विकल्परहित जीवन
- एकमुष्ठ धन फिर्ता योजना

विगतमा कार्यन्वयन गरिएका वर्षमा प्रिमीयम संकलन तथा स्थानीय लक्षित समूहहरूको सहभागिताको अवस्था विश्लेषण नियाल्ने हो भने हालको अवस्था सन्तोषजनक नै देखिन्छ। यस पशु बिमा योजनाको संचालन पश्चात स्थानीय उपभोक्ताहरूसँग केही हदसम्म जोखिम वहन गर्ने क्षमता वढेको छ।

छलफलका दौरान अधिकांश हिमचितुवा संरक्षण समितिका पदाधिकारी तथा पशुबिमा कार्यक्रम हेर्ने पदाधिकारीहरूको भनाइमा यस कार्यकमले उनीहरूको भूमिकामा यौटा नौलो आयाम थपेको छ। उनीहरूको सामाजिक पहिचान वढेको छ भने अर्को तर्फ अन्य भूमिकाका साथै यसबाट वहुआयामिक ज्ञान जस्तै प्रजाति लगायत अन्य गैरकाष्ठ पदार्थ, संरक्षण क्षेत्रमा उपलव्ध अन्य जीव, प्रजातिको पहिचान गर्ने अवसर, कोषको व्यवस्थापन तथा परिचालनर त्यसका लागि विभिन्न स्तरका उपभोक्ताहरू तथा पदाधिकारीहरूसँगको भेटघाट आदिले गर्दा मानवीय क्षमताका साथसाथै अन्य क्षमताहरू अभिवृद्धि गर्ने अवसरहरू उपलव्ध भएको छ। यसैगरी परियोजना तथा समन्वयका कममा अन्य दातृ निकाय, जिल्लास्थित अन्य कार्यालयका मानिसहरूसँग पनि अन्तर्क्रिया गर्ने, चिनजान गर्ने अवसर प्राप्त भएको, प्रतिष्ठा वढेको, आत्मविश्वास पनि वढेको, समाजिक संवन्धको दायरा (Social Network) फराकिलो भएको कुरा उनीहरूले उल्लेख गरेका थिए।

यहाँका स्थानीय उपभोक्ताहरूको मुख्य जीवन धान्ने आयको रुपमा जडीबुटी संकलन, अलैची, चिराईतो आदि विकी, चौरी तथा पशुपालन, खेतीपाती भएको देखिन्छ तर खेतीयोग्य जमीनको न्यून मात्रा अर्थात जीवन निर्वाहमुखीरहेकोले उनीहरुको जीविकोपार्जनको वैकल्पिकरणनीति पनि विविधतापूर्ण छ, तसर्थ उनीहरूको घरेलु खाद्दान्न आपूर्ति तथा जीविकोपार्जनको सुरक्षाका लागि उनीहरूले संरक्षण गरी आएको वनमा उपलव्ध श्रोतहरू जस्तै खाली जग्गा, तथा अन्य गैरकाष्ठ पदार्थ, लघुउद्यम, जडीबुटी खेती आदिमा संलग्न हुन उनीहरूलाई प्राथमिकता दिईनुपर्ने देखिन्छ।



*हिमचितुवा संरक्षण समिति तथा कंचनजंङ्घा संरक्षण क्षेत्रको घुन्सास्थित शाखा कार्यालय*
*श्रोतः कंचनजंङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद, लेलेप, ताप्लेजुङ*

तुलनात्मक विश्लेषणबाट देखिन आउँछ कि यस उच्च हिमाली दुर्लभ प्रजातिको दिगो संरक्षण गर्ने हो भने किताबी किरो तथा विद्वानहरूको सिफारिसहरू भन्दा स्थानीय चौंरी गोठालाहरूले देखे भोगेको ज्ञान, सीप तथा व्यवहार परंपरागत क्षमता नै

यसको संरक्षण तथा यसबाट हुने जोखिम न्यून गर्न वढी उपयोगी वन्न सक्तछ। उदाहरणका रुपमा उनीहरूकै भनाइमा खास गरी घाँस नपाईने मौसममा गोठालाहरूले चौरी लाई चराउन टाढा टाढासम्म लैजाने गर्छन जुन गोठालाहरूको उपस्थिति भन्दा पनि टाढा भएकोले हिमचितुवालाई आक्रमण गर्न सजिलो पर्दछ। त्यसैगरी खास गरी चैत्र वैशाख महिनामा हरियो घाँसको अभावका कारणले वस्तुभाउ दुब्लो हुन्छन भने हिमचितुवाको आक्रमणबाट भाग्न नसक्ने स्थितिमारहन्छन, त्यसैगरी हिउँद याममा पनि हिउँ परिरहेको मौसममा चौरी माथि आक्रमण गर्न मार्न सजिलो हुन्छ। यसरी हिमचितुवाका संवन्धमा, यसको आनीबानी, व्यवहार, आहारा, चौरी माथि गर्ने आक्रमणको तरिका, समय तथा मौसम आदि तथा हिमचितुवाको वच्चा हुर्काउने समय, स्थान आदि संवन्धमा विस्तृत तथा व्यवहारिक ज्ञान, सीप भएकाले यसको संरक्षणमा तथा यसबाट हुने नोक्सानीको जोखिम घटाउन स्थानीयरैथाने चौंरी गोठालाहरूले अहम भूमिका खेल्न सक्तछन्। हिमचितुवाको व्यवहारको वैज्ञानिक अनुसंधान गर्ने विद्वत वर्गले पनि शहरमूखी किताबी ज्ञानका सहायकहरू ल्याउनु भन्दा समान्य आधारभूत प्रशिक्षण पछि यिनीहरूलाई नै यसको अध्ययनको अभिन्न अंग बनाएमा यसबाट निस्कने परिणाम वढी यथार्थपरक हुन्छ।

## १०. कार्यान्वयनका लागि सुझाव

- हिमचितुवा संरक्षण समितिलाई संस्थागत सहयोगमा प्राथमिकता तथा निरंतरता दिने (मानव संसाधन, सामाग्री तथा सन्दर्भ सामग्रीहरू)
- चौरी गोठालाहरूलाई क्षमता वृद्धि तथा चेतनामूलक तालिम, सुलभ कर्जा, पशु स्वास्थ व्यवस्थापन, खर्क व्यवस्थापन, वेमौसमी घाँसको व्यवस्थापन तथा हिमचितुवाको व्यवहार अनुगमन संवन्धि सीपको तालिम सचालन गर्नु पर्ने
- क्षतिपूर्ति नभएकोले वृद्धि भएको आम्दानीलाई हिमचितुवा संरक्षण समिति, उपसमिति तथा स्थानीय उपभोक्ता अर्थात प्रिमीयमकर्ताहरूलाई सुलभदरमा कर्जा प्रवाह गर्नेर अन्य आयआर्जनको अवसर वढाउने, यसका लागि परियोजना, संरक्षण समिति तथा परिषदले साझेदारी तथा सहकार्य गर्न सक्तछ
- संरक्षण समिति, उपसमिति तथा छानबीन समितिमा खटिएर जाने संभाव्य व्यक्ति, परिषदका पदाधिकारीहरूलाई यस संवन्धि कार्यदक्षता तथा क्षमता वृद्धिका लागी प्राविधिक तालिम दिने।
- प्रत्येक हिमचितुवा संरक्षण समितिहरूलाई कार्यदक्षता तथा प्रभावकारिता वृद्धि गर्न न्यूनतम आवश्यक उपकरणहरूको व्यवस्था गर्ने
- दीर्घकालीन सामाजिक सुरक्षाकारण नीतिहरूको विकल्प खोज्ने
- सम्बन्धित सा.व.को खाली खेती योग्य जग्गामा साझेदारीका आधारमा चौरी गोठालाहरूलाई आयमूलक खेती गर्न दिने
- हिमचितुवा संरक्षण समिति तथा उपसमितिका सदस्यहरूलाई अनुगमन संवन्धी सामान्य प्राविधिक ज्ञान तथा सीप तालिम उपलव्ध गराउने
- परिवारका अन्य सदस्यहरूलाई वन श्रोतमा आधारित उद्यम गर्न प्रोत्साहन गर्ने
- यस क्षेत्रमा आउने पर्यटकहरूलाई आवश्यक मानवीय श्रोत गाईड, भरियाको कार्यमा सकेसम्म स्थानीय व्यक्तिलाई अवसर दिने नीति लिने।

## बक्स नं. ६: आयोजनाको उप अनुदान सम्बन्धि साधारण प्रावधानहरू

क) अनुदान लिनेले आयोजनाबाट प्राप्त रकम यस अनुदान संभ्फौता अनुसार तोकिएको आयोजना बाहेक सामाजिक, शैक्षिक तथा बैज्ञानिक उद्देश्यको लागि उपयोग नहुने राजनैतिक प्रभाव लगायतका अन्य काममा खर्च गर्न पाउने छैन ।

ख) अनुदान लिने पक्षले संभ्फौता अनुसारको रकम योजनाको विस्तृत विवरण तथा योजनाको विस्तृत विवरणमा उल्लेख भएका कुराहरुमा प्रयोग गर्नेछ । तर लिखित सुचना दिएर योजनाको मूल स्वरुप नविग्रने गरी योजनाका क्रियाकलापहरुमा खर्च गर्न सक्नेछ । नयाँ क्रियाकलापमा खर्च गर्नको लागि आयोजनाको पुर्व स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ ।

ग) अनुदान लिने पक्षले योजनामा खर्च भै बचेको सम्पुर्ण रकम यो सम्भ्फौता सकिनासाथ आयोजनालाई फिर्ता गर्नु पर्नेछ ।

घ) वित्तीय अभिलेखहरु । अनुदान लिने पक्षले योजनाको आर्थिक कारोवारहरुको लेखा स्पष्ट रुपमा राख्नेछ र आवश्यक निरिक्षण तथा लेखापरिक्षणको लागि सम्पुर्ण अभिलेखहरु यो संभ्फौतामा सकिएको मितिले कम्तिमा ३ वर्षसम्म राखिराख्नु पर्नेछ ।

ङ.) अनुदान लिने पक्षले यस सम्भ्फौता बमोजिम गरेका सम्पूर्ण कार्यहरुको नतिजाको अधिकार आयोजनामा रहनेछ ।

च) आयोजना प्रबन्धकको स्विकृति बिना अनुदान लिने पक्षले यस संभ्फौतासंग सम्बन्धित कुराहरू सम्वन्धी लेख प्रकाशन तथा अन्य समाचारमूलक कुराहरु गर्ने छैन ।

छ) आयोजनाले चाहेमा यस सम्भ्फौता वमोजिमको योजनाहरुमा आफ्नो कार्यालयको छाप प्रयोग गर्न सक्नेछ र अनुदान लिने पक्षले सो छाप अनावश्यक प्रयोग गर्ने छैन तथा आयोजनाले चाहेमा यस सम्भ्फौताबाट खरिद गरिएका सामाग्रिहरुमा छाप प्रयोग तथा प्रदर्शन गर्नुपर्नेछ ।

ज) **अनुदान लिने पक्षसंगको सम्बन्ध** - आयोजना तथा अनुदान लिने पक्षको सम्बन्ध अनुदान लिने र दिने पक्षको रुपमा मात्र हुनेछ । यस सम्भ्फौताले दुबै पक्षलाई रोजगारदाता तथा रोजगार गर्ने सम्बन्ध, साभ्फेदारी वा एजेन्टको सम्बन्धमा बाँध्न सक्दैन र कुनै पनि पक्षलाई एक अर्को प्रति दायित्व सृजना गर्ने जस्ता कुराहरु गर्ने अधिकार हुनेछैन ।

झ) **सम्भ्फौताको अन्त** - आयोजनाले अनुदान लिने पक्षलाई लिखित सुचना दिई कुनै पनि बखत सम्भ्फौता अन्त गर्न सक्नेछ । सो मिति देखि आयोजनाको अनुदान लिने पक्ष प्रति कुनै दायित्व रहने छैन । यस्तो अवस्थामा अनुदान लिने पक्षले तुरुन्त काम बन्द गरी सो अवधिसम्म गरेका कामहरुको आयोजनाले निर्देशित गरे अनुसार जिम्मेवारी बुभ्फाउनु पर्नेछ । साथै अनुदान लिने पक्षले योजनाको प्राविधिक तथा वित्तिय विवरण र खर्च हुन बाँकी रकम आयोजनालाई तुरुन्त बुभ्फाउनु पर्नेछ ।

ञ) **दायित्व नरहने** - अनुदान लिने पक्षको क्रियाकलापहरुबाट श्रृजित कुनै हानी नोक्सानी तथा दावी वा दायित्वहरु प्रति आयोजना जिम्मेवार हुने छैन ।

ट) **योजनाको प्रत्यक्ष व्यवस्थापन** - आयोजनाको लिखित सहमति नभएसम्म अनुदान लिने पक्षलेनै यस सम्भ्फौता अनुसारको योजनाको उपलब्धिको लागि योजनाका सम्पूर्ण क्रियाकलापहरुमा मुख्य योगदान र व्यवस्थापन गर्नुपर्नेछ । तर योजना शुरु गर्नु भन्दा अगाडि आयोजनाको प्राविधिक नाँपजाँच आयोजनाले गर्नेछ र सोही अनुसार कार्य सम्पन्न गरिनेछ । साथै योजनाको नियमित निरिक्षणमा आयोजनाले आफ्नो प्राविधिक पठाउनेछ ।

ठ) **वादविवादको समाधान** - योजना सम्पन्न गर्ने क्रममा कुनै वादविवाद आएमा दुवै पक्षले समाधान गर्न प्रयत्न गर्नेछन् र सोवाट सम्भव नभएमा अलग्गै सहजकर्ता मार्फत विवाद समाधान गरिनेछ । सो सहजकर्ताले नियमकानुन बमोजिम गरेको फैसला अन्तिम हुनेछ ।

ढ) अनुदान लिने पक्षले नेपालका कुनै नीतिनियमको विरुद्ध हुने, सरकारी अधिकारीको सहमति विना तथा योजनाको संभ्फौतासंग सम्वन्ध नै नभएका कुराहरुमा सरकारी अधिकारीहरुसंग मौद्रिक तथा अमौद्रिक सहायता, भुक्तानी वा अन्य मूल्य को लेनदेन गर्ने छैन । सरकारी नियम तथा निर्णयलाई प्रभाव पार्ने कुनै पनि खालका क्रियाकलापमा त्यस्तो लेनदेन गर्न पाउने छैन । सरकारी अधिकारी वा कर्मचारी नै अनुदान लिने पक्ष भएमा सरकारी नीतिनियम तथा निर्णय वा योजनाको क्रियाकलापमा असर गर्ने खालका कुराहरुवाट आफुलाई बचाउनेछ ।

ण) अन्य कुराहरुमा देशको प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

*स्रोत : कंचनजंङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद सचिवालय, लेलेप, ताप्लेजुङ्ग*

## बक्स नं. ७: हिमचितुवा संरक्षण उपसमिति : पशुविमा योजना विनियम

### पृष्ठभुमि

कंचनजंङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद अन्तर्गत सेकाथुम घुन्सा उपभोक्ता समिति अन्तर्गतको लेलेप-९, घुन्सा स्थित हिमचितुवा संरक्षण उप-समितिले योजना तथा व्यवस्थापन गर्न लागेको पशु बिमा कार्यक्रम र व्यवस्थापकीय तथा आर्थिक/प्रशासनिक क्रियाकलापहरू सञ्चालन गर्नको लागि यो पशु बिमा योजना विनियम तयार गरिएको छ।

कञ्चनजङ्घा संरक्षण क्षेत्रको माथिल्लो हिमाली भेगमा पर्ने ग्याब्ला, फले तथा घुन्सा गाऊँका पशु धनीहरूको भेंडा, चौंरी जस्ता पशुहरु हिमचितुवाले मार्ने गरेको र हिमचितुवा संसारकै अति महत्वपूर्ण प्रजाति रहेको वास्तविकतालाई हृदयंगम गरी यहाँका स्थानीय बासिन्दाहरूको आर्थिक हानीलाई रोक्न तथा जैविक विविधताको संरक्षण र विशेष गरी हिमचितुवाको संरक्षण, चोरी शिकारी नियन्त्रण र प्रतिशोधात्मक तरिकाले मार्ने काममा रोक लगाउनका लागि कञ्चनजङ्घा संरक्षण क्षेत्र आयोजनासँग सम्झौता गरी गर्न लागिएको पशु बिमा कार्यक्रम कार्यान्वयनमा सहजता होस भन्ने अभिप्रायले यो विनियम तयार गरी लागु गरिएको छ।

### परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भः**
   १. यो विनियमको नाम "पशु बिमा विनियम २०६२" रहेको छ।
   २. यो विनियम हिमचितुवा संरक्षण उप-समिति, घुन्साले पारित गरेको मिति देखि लागु हुनेछ।

२. **परिभाषा**
   विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बिनियममा:
   (क) "संरक्षण क्षेत्र" भन्नाले कञ्चनजङ्घा संरक्षण क्षेत्रलाई सम्झनुपर्छ।
   (ख) "परिषद" भन्नाले कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषदलाई सम्झनु पर्दछ।
   (ग) "समिति" भन्नाले सेकाथुम घुन्सा उपभोक्ता समिति सम्झनु पर्दछ।
   (घ) "उप-समिति" भन्नाले हिमचितुवा संरक्षण उप-समिति, घुन्सा भन्ने सम्झनु पर्दछ।
   (ङ) "अध्यक्ष" भन्नाले हिमचितुवा संरक्षण उप-समितिको अध्यक्षलाई सम्झनु पर्छ।
   (च) "कार्यालय" भन्नाले हिमचितुवा संरक्षण उप-समितिको कार्यालयलाई सम्झनु पर्छ।
   (छ) "प्रिमीयम" भन्नाले पशु विमा योजनामा सहभागि हुनका लागि प्रति पशु वापत वार्षिक रुपमा तोकिएको शुल्क भन्ने सम्झनु पर्छ।
   (ज) "सदस्य" भन्नाले पशु बिमा कार्यक्रममा तोकिएको प्रिमीयम तिरी सहभागि हुने पशुपालक भन्ने सम्झनु पर्छ।
   (झ) "कृषक" भन्नाले स्थानीय पशुपालक कृषक भन्ने सम्झनु पर्छ।

३. **व्याख्या गर्ने अधिकार**
   यो विनियमको व्याख्या गर्ने अधिकार उप-समितिमा रहने छ।

४. **कार्यालय र कार्यक्षेत्र**
   उप-समितिको कार्यालय समितिको कार्यालयसँगै लेलेप-९, घुन्सामा रहने छ र यसको कार्यक्षेत्र लेलेप गा.वि.स.को वडा नं ८ र ९ को क्षेत्र भित्र हुनेछ।

### परिच्छेद २

१. **प्रिमियम दर र विमा रकम**
   १.१ कार्यक्रममा भाग लिने कृषकले असोज महिनाको १ गते बिमा स्वरुप प्रति याक चौरी रु ५५।- बुझाउनु पर्नेछ।
   १.२ वन्यजन्तुले नै मारेको भन्ने प्रमाणित भएमा राहत स्वरुप सबै खालका पशुहरूको प्रति पशु रु. २,५००।- उपलब्ध गराईनेछ।

२. **कोषको व्यवस्था**
   २.१ बिमा रकम भुक्तानिको सहजताको लागि आयोजनाले उपलब्ध गराएको मूल धनलाई आयोजनासंग भएको सम्झौता अनुरुप बैंक खातामा जम्मा गरिनेछ। सो बैंक खाता उप-समितिका अध्यक्ष वा उप-समितिको बैठकले तोकेको व्यक्ति मध्ये एकजना र आयोजनाको एकजनाको संयुक्त हस्ताक्षरणबाट सञ्चालन गरिनेछ।

२.२ मूल धनको बैंक खाताबाट प्राप्त व्याज रकमलाई अर्को बैंक खातामा राखिनेछ वा उप-समितिले आयोजनाको सहमतिमा स्थानीय आमा समूहहरूमा प्रति शत व्याज दरमा लगानी गर्नेछ। बैंक खातामा राखिएको हकमा सो खाताको खाता सञ्चालन उप-समितिका अध्यक्ष वा उप-समितिको बैठकले तोकेको व्यक्ति मध्ये एकजना र आयोजनाको एकजनाको संयुक्त हस्ताक्षरणबाट गरिनेछ।

**३. प्रिमियम रकम फिर्ता र बोनसको व्यवस्था**

३.१ उप-समितिले यस योजनामा भाग लिने कृषकहरूलाई उँहाहरूले बिमा स्वरुप वुझाएको रकममा २.५ प्रतिशत व्याज थपी योजना शुरु भएको तेस्रो वर्षको भाद्र महिनाको अन्तिममा फिर्ता गर्नेछ।

३.२ मूल धनको व्याजबाट सदस्यहरूका प्रति वर्ष मर्ने पशुहरू वापत हर्जाना तिरेर पनि बैंक खातामा वा लगानीमा रहेको बाँकी आम्दानी रकमलाई पशुवापत दाबी गरिएको विमा रकम प्राप्त गर्ने सदस्य बाहेकका अन्य सदस्यहरूलाई बिमा गरेको पशुको संख्याको आधारमा भागबन्डा गरिनेछ।

**४. अभिलेख तथा पासबुक**

१. सदस्यहरूबाट उठेको प्रिमीयम तथा क्षतिपूर्तीको रेकर्ड उप-समितिले अद्यावधिक गर्नेछ र कार्यालयमा सुरक्षित राख्नेछ।

२. प्रत्येक सदस्यलाई निजले तिरेको प्रिमीयम रकमको रेकर्ड गरी पासबुक उपलब्ध गराइनेछ।

## परिच्छेद ३

**१. दाबी उपर अनुसन्धान र विवाद समाधान**

१. हिमचितुवाले मारेको हो होईन भन्ने निर्णय हिम चितुवा संरक्षण उप-समितिले गर्नेछ। सो को लागि वास्तविकता यकिन गर्न निम्न व्यक्तिहरू सम्मिलित रहेको अनुसन्धान समिति रहनेछ -

   १. उप-समितिका अध्यक्ष
   २. उप-समिति भित्रबाटै अध्यक्षले तोकेको एकजना व्यक्ति
   ३. स्थानीय लामा वा बैठकले तोकेको एकजना व्यक्ति

# सन्दर्भसामग्री सूची


1. **DFID Sustainable Livelihoods Guidance Sheet** (2001) visited website WWW.livelihoods.org on June, 2007
2. Kath Pasteur, (2001), IDS, **"Tools for Sustainable Livelihoods, Livelihoods Monitoring and Evaluation"** visited on website WWW.livelihoods.org on June 2007
3. Kath Pasteur, (2001), IDS, **"Tools for Sustainable Livelihoods, Policy Analysis"** visited on website WWW.livelihoods.org on June, 2007
4. Gurung G. S. (2006) **"Reconciling Biodiversity Conservation Priorities with Livelihoods Needs in Kanchanjungha Conservation Area, Nepal"** Human Geography Series, Vol 23, ISBN 3-906302-06-7
5. WWF Nepal (2006), **"Understanding the changes in Livelihods Assets with Locals: a case Study from Kanchanjunga Conservation Area Project Nepal";** WWF Nepal, Kathmandu
6. WWF Nepal (2007) **"Jivikopaarjanka Uplabdhiharu"** A bottleneck level changes in livelihoods outcomes; a case study analysis, January, WWF Nepal Program ISBN 978-99946-837-3-4
7. WWF Nepal (2005), **Sustainable Livelihoods**- A Sustainable Liveihoods Mainstreaming Strategy, WWF Nepal Program Office, Kathamndu Nepal, July 2005, ISBN 99946-837-0-5
8. WWF Nepal Program (2006), **an Annual Report**, WWF Nepal Program Office, Kathmandu Nepal.
9. WWF Nepal Program (2006) **Sacred Himalayan Stretegic Plan-2006-2016**, WWF Nepal Program Office Kathmandu Nepal
10. **WWF Nepal Strategy Document 2006-2011: (2006)**, WWF Nepal Program, Office Kathmandu.
11. WWF Nepal Program(2007) **Building on Good Governance:** a case study on interlinkages between conservation, livelihoods and good governance practices in Dolpa, Nepal
12. WWF Nepal (2005), a mid term evaluation report on **Community Managed Livestock Insurance Scheme for Cost-Benefit Sharing in Kanchenjunga Conservation Area**, Nepal a report submitted by Kanchanjungha Conservation Area Project
13. WWF Nepal(2006), **Annual Technical and Financial Progress Report** submitted to WWF Nepal Program by Kanchanjungha Conservatioan Area Project
14. WWF Nepal (2003), **Community managed livestock insurance Scheme for cost-benefit sharing in Kangchenjunga Conservation Area Nepal, A concept document developed and submitted by G.S. Gurung**



डब्ल्यू डब्ल्यू एफ् विश्वकै सबैभन्दा अनुभवी र ठूलो स्वतन्त्र संरक्षणमुखी संस्था हो । करिब पचास लाख सहयोगी र विश्वव्यापी सञ्जालसहित यो नब्बेभन्दा बढी मुलुकहरूमा क्रियाशील छ ।

डब्ल्यू डब्ल्यू एफ्‌को लक्ष्य पृथ्वीको प्राकृतिक वातावरणमा भइरहेको ह्रासलाई रोकी एउटा यस्तो भविष्यको निर्माण गर्नु हो, जहाँ तल दिइएका कुराहरूद्वारा मानिस र प्रकृतिका बीच सामञ्जस्य कायम राख्न सकियोस् :

- विश्वको जैविक विविधता संरक्षण गरेर ।
- पुनः प्रयोग गर्न सकिने प्राकृतिक स्रोतको दिगो प्रयोगलाई सुनिश्चित गरेर ।
- प्रदूषण र खेर जाने किसिमको उपभोग घटाउने कुरालाई प्रवर्द्धन गरेर ।

**डब्ल्यू डब्ल्यू एफ नेपाल**
पो. ब. नं. ७६६०, बालुवाटार, काठमाडौँ, नेपाल ।
टेलिफोन : ४४३४८२०, ४४३४९७०, ४४१०९४२
फ्याक्स : ९७७ १ ४४३८४५८
इमेलः info@wwfnepal.org
वेवसाईट : www.wwfnepal.org

WWF

*for a living planet*®